# म्याग्दी जिल्लाको मालिका गाउँपालिकामा बुबा-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा परेको प्रभाव

**सहकार्यात्मक अनुसन्धान**

**प्रस्तुत गरिने निकायः**

अनुसन्धान व्यबस्थापन एकाइ

म्याग्दी बहुमुखी क्याम्पस बेनी

तथा

मालिका गाउँपालिका

दरवाङ,म्याग्दी,नेपाल ।


**प्रस्तुतकर्ताः**

**हरि गिरी**

सहायक प्राध्यापक, नेपाली शिक्षा

म्याग्दी बहुमुखी क्याम्पस

**लालकुमारी रोका**, एम. आ.इ.एस अपरेटर

मालिका गाउँपालिका

**अधिवक्ता ईश्वर** गिरी

बेनी म्याग्दी ।

**नविन पुन,** एम.एड विद्यार्थी

म्याग्दी बहुमुखी क्याम्पस


आषाढ २०८३

क्याम्पस प्रमुख

**श्रीमान् क्याम्पस प्रमुख ज्यू**

**म्याग्दी बहुमुखी क्याम्पस /**

**श्रीमान् अध्यक्ष ज्यू**

**मालिका गाउँपालिका**

**म्याग्दी ।**

**विषय- स्वःघोषणा सम्बन्धमा ।**

म्याग्दी बहुमुखी क्याम्पसकी सहायक प्राध्यापक हरि गिरीले “म्याग्दी जिल्ला मालिका गाउँपालिकामा बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव”सम्बन्धी अनुसन्धान कार्यका लागि पेश गरेको विवरण सत्य र दुरुस्त रहेको यसै स्वघोषणा पत्र मार्फत घोषणा गर्दछु ।

१.मैले यस अनुसन्धान कार्यका लागि पेश गरेका तथ्याङ्कहरु प्राथमिक स्रोतमा आधारित छन ।

२.अनुसन्धान कार्यमा प्रयोग भएका स्रोतहरुलाई अनुसन्धानमा नै खुलाइएको छ ।

३. अनुसन्धानसँग सम्बन्धित आचार संहिताको पालना गरिएको छ ।

**दस्तखत.................**

**नाम थरः-हरि गिरी**

**पदः-सहायक प्राध्यापक**

**सम्पर्क नम्बरः-९८४७७६३१८५**

**मिति............................**

## कृतज्ञता ज्ञपन

अनुसन्धान व्यवस्थापन एकाइ म्याग्दी बहुमुखी क्याम्पस बेनी म्याग्दी तथा मालिका गाउँपालिका दरवाङ,म्याग्दी,नेपाल  सहकार्यात्मक अनुसन्धानको लागि "म्याग्दी जिल्ला मालिका गाउँपालिकामा बुबा-आमाको सम्बन्ध विच्छेद पछि बालबालिकाको शिक्षामा पारेको प्रभाव"शिर्षकमा केन्द्रीत रहेर अध्ययन गरिएको छ । यो शोध पत्रलाई शुरुको खाका तयार गर्ने देखि लिएर यसलाई अन्तिम रुप दिनमा समेत मार्गदर्शकको रुपमा अमुल्य सल्लाह र सुझाव दिनु हुने हाम्रो क्याम्पस प्रमुख लगायत क्याम्पस परिवार,गाउँपालिका प्रमुख तथा उपप्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरु,म्याग्दी जिल्ला अदालतका न्यायाधीश तथा स्रेस्तेदार लगायत सम्पूर्ण कर्मचारीहरु,मालिका गाउँपालिकाका माध्यामिक विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरु मालिका गाउँपालिकाकै

शिक्षक नविन पुन र मालिका गाउँपालिकाकै कर्मचारी लालकुमारी रोका ज्युप्रति सदा सर्वदा ऋणी रहनेछौ । शोधकार्यको दौरानमा उहाँहरुबाट पाएको सौहार्द पूर्ण आत्मीयता र उर्जामय गुरुत्वप्रति हामी अत्यन्त आभारी छौ ।

# शोधसार (Abstract)


## १.पृष्ठभूमि(Introduction)

बालबालिका परिवारमा बस्छन् । परिवार समाजको आधारभूत र सबै भन्दा महत्वपूर्ण इकाइ पनि हो । घर उनीहरुको पहिलो पाठशाला हो । घरबाट नै बालबालिकाले आधारभूत कुराहरु सिक्ने गर्दछन् । तसर्थ बालबालिकाको सर्वाङ्गीण विकासमा पारिवारिक वातावरणले महत्वपूर्ण भूमिका खेल्छ । पारिवारिक वातावरण सुदृढ बनाउन  आमाबुबाको आपसी सम्बन्ध र भावनात्मक एकताले महत्वपूर्ण भूमिका खेल्छ । पछिल्लो समय विश्वव्यापी रुपमा विशेष गरी नेपालमा बढदै गएको सम्बन्ध विच्छेद (Divorce) का घट्नाले पारिवारिक संरचनामा विचलन ल्याएको छ ।

## २. उद्वेश्य (Objective)

मालिका गाउँपालिकामा बुबा आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव पत्ता लगाउनु ।

## ३. विधि (Methodology)

यो अध्ययनमा गुणात्मक (Qualitative) र परिमाणात्मक (Quantitative) दुवै विधिलाई समेटेर मिश्रीत अनुसन्धान विधि (Mixed Method) अपनाइएको छ । तथ्याङ्कको गहिराइमा पुग्न गुणात्मक विधि र समस्याको व्यपकता नाप्न परिमाणात्मक विधिको प्रयोग गरिएको छ ।

## ४. निष्कर्ष (Conclusion)

मालिका गाउँपालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद भएका बालबालिकाहरुमा एकाग्रताको कमी, हिनताबोध,एक्लोपन,उदासिनता र एकान्तप्रेमी जस्ता गम्भिर मानसिक समस्याहरु पाइएका छन् तर बाँच्नको लागि आत्मविश्वास बढी देखिएता पनि भित्रभित्र मानसिक तनाबमा बालबालिकाहरु रहने गरेका देखिन्छन् । आर्थिक अभावका कारण उनीहरुको पोषण र उचित हेरचाहमा नकरात्मक असर पारेको देखिन्छ । अत: मालिका गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पर्ने विद्यालयहरुलाई समेटेर यस्ता समस्यामा रहेका बालबालिकाहरुलाई तिनीहरुको उज्ववल भविष्यका लागि निगरानी, सचेतना,मनोसामाजिक परामर्श,सीपमूलक शिक्षा,आर्थिक सहयोग र छात्रवृत्ति आदि कार्यक्रम संचालनको निम्ति बजेट छुट्टाइ कार्यक्रम संचालन गर्नुपर्छ । यसले सानैमा अभिभावकहरुको माया, ममता, रेखदेख नपाएर जीवन गुजारा गर्न संघर्षरत बालबालिकाहरुलाई विद्यालयमा नियमित हुन पनि सहज वातावरण तय हुन्छ  । यसको लागि स्थानीय तह र विद्यालय बीच समन्वयको वातावरण पनि आवश्यक भएको देखिन्छ ।

# विषयसूची


परिच्छेद-१ .......... १

अनुसन्धान परिचय .......... १

१.१ अनुसन्धान शीर्षक .......... १

१.२ शोध कार्यको प्रयोजन .......... १

१.३ विषय प्रवेश .......... १

१.४ समस्या कथन (Statement of the Problem) .......... २

१.५ अध्ययनको उद्धेश्यहरु (Objectives of the Study) .......... २

सामान्य उद्धेश्य (General of Objectives) .......... २

विशिष्ट उद्धेश्य(Specific of Objectives) .......... ३

१.६ अनुसन्धानको महत्व /औचित्य(Significance/Rationale) .......... ३

१. नीतिगत महत्त्वः .......... ३

२. शैक्षिक महत्त्वः .......... ३

३. सामाजिक महत्त्वः .......... ३

४. प्राज्ञिक महत्त्वः .......... ३

१.७ साहित्य समीक्षा(Literature Review) .......... ४

क. अन्तराष्ट्रिय अध्ययनहरुः .......... ४

ख. राष्ट्रिय (नेपाल) सन्दर्भका अध्ययनहरुः .......... ४

१.८ सैद्धान्तिक ढाँचा (Theoretical Framework): .......... ५

१.९ अनुसन्धान रिक्तता (Research Gap): .......... ५

१.१० अनुसन्धान विधि (Research Methodology) ........ ५
क. अनुसन्धान ढाँचा (Research Design): ........ ५
ख. अध्ययन क्षेत्र र जनसंख्या ........ ५
ग. नमूना छनौट (Sampling): ........ ५
१.११ तथ्याङ्क सङ्कलन विधि (Data Collection Method) ........ ६
* प्रश्नावली (Questionnaire): ........ ६
* अन्तर्वार्ता (Interview): ........ ६
१.१२ तथ्याङ्क विश्लेषण (Data Analysis) ........ ६
१.१३ सीमाहरु (Limitations): ........ ६
१.१४ कार्य तालिका (Work Plan / Timeline): ........ ६
१.१५ बजेट (Budget) ........ ७
परिच्छेद -२ ........ ८
सम्बन्ध विच्छेदको सैद्धान्तिक अवधारण ........ ८
१.विषय प्रवेश (Introduction) ........ ८
परिच्छेद -३ ........ १४
मुद्दाहरुको अध्ययन तथा विश्लेषण ........ १४
३.१ मालिका गाउँपालिका वडा नं १ को विश्लेषण ........ १४
३.२ मालिका गाउँपालिका वडा नं २ को विश्लेषण ........ १५
३.३ मालिका गाउँपालिका वडा नं ३ को विश्लेषण ........ १७
३.४ मालिका गाउँपालिका वडा नं ४ को विश्लेषण ........ १९
३.५ मालिका गाउँपालिका वडा नं ५ को विश्लेषण ........ २०

३.६ मालिका गाउँपालिका वडा नं ६ को विश्लेषण ........ २२

३.७ मालिका गाउँपालिका वडा नं ७ को विश्लेषण ........ २४

३.८ निष्कर्ष ........ २५

परिच्छेद – ४ ........ २७

मालिका गाउँपालिकाका जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ २७

४.१ मालिका गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षको प्रश्नवली विश्लेषण ........ २७

४.२ वडा नं १ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ २७

४.३ वडा नं २ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ २८

४.४ वडा नं ३ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ २९

४.५ वडा नं ४ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ 30

४.६ वडा नं ५ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ ३१

४.७ वडा नं ६ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ ३२

४.८ वडा नं ७ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण ........ ३२

४.९ निष्कर्ष ........ ३३

परिच्छेद -५ ........ ३५

विद्यालयहरुका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान ........ ३५

५.१ निस्कोट माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान ........ ३५

५.२ राष्ट्रिय माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान ........ ३६

५.३ अम्मरज्योति माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान ........ ३७

५.४ ओखरबोट माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान ........ ३८

५.५  गौ बम बस्त माध्यमिक  विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान ....... ४०
५.६  जनप्रिय माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान ............. ४१
५.७ के.वि. एकेडेमी एण्ड बोर्डिङ स्कुलका प्रश्नावली विश्लेषण र  बालबालिकाको पहिचान....... ४२
५.८ दरवाङ इङ्लिस बोर्डिङ स्कुलका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान ......... ४३
५.९ किसानी माध्यामिक  विद्यालयका प्रश्नावली विश्लेषण र  बालबालिकाहरुको पहिचान ....... ४४
५.१० निष्कर्ष........................................................................................................ ४६
परिच्छेद -६ ........................................................................................................ ४७
मालिका गाउँपालिकाका अभिभावकहरुको प्रश्नावली विश्लेषण ............................................ ४७
६.१ मालिका गाउँपालिकाका अभिभावकहरुको प्रश्नावलीको विश्लेषण .................................. ४७
६.२ निष्कर्ष तथा सुझाव ......................................................................................... ४९
६.३ अभिभावक/संरक्षकले भरेको प्रश्नावलीको विश्लेषण ..................................................... ४९
६.४ निष्कर्ष तथा सुझाव ......................................................................................... ५०
६.५  अभिभावकहरुको अवलोकनकर्ताले अन्तर्वार्ताको क्रममा पाएको विवरण र विश्लेषण ....... ५०
६.६ निष्कर्ष तथा सुझाव ......................................................................................... ५२
परिच्छेद-७ .......................................................................................................... ५३
मालिका गाउँपालिकाका बालबालिकाहरुको प्रश्नावलीको विश्लेषण ....................................... ५३
७.१ परिचय........................................................................................................... ५३
७.२ माध्यमिक विद्यालयहरुबाट प्राप्त भएका तथ्यांकहरुको विश्लेषण ...................................... ५३
७.३  बालबालिकाहरुको तथ्यांक विवरण ........................................................................ ५६
७.४  बालबालिकाहरुको प्रश्नावलीको विश्लेषण.................................................................. ५७

७.५ निष्कर्ष तथा सुझाव ........ ६०

७.६  प्रभावित बालबालिकाहरुले भरेको प्रश्नावलीको विश्लेषण ........ ६०

७.७ निष्कर्ष तथा सुझाव ........ ६३

७.८ बालबालिकाहरुको अवलोकनकर्ताले अन्तर्वार्ताको क्रममा पाएको विवरण र विश्लेषण ...... ६४

७.९ निष्कर्ष तथा सुझाव ........ ६६

१०. सन्दर्भ सामाग्री(References): ........ ६७

# परिच्छेद-१

## अनुसन्धान परिचय

### १.१ अनुसन्धान शीर्षक

प्रस्तुत अनुसन्धानको शीर्षक म्याग्दी जिल्लाको मालिका गाउँपालिकामा बुबा-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा परेको प्रभाव रहेको छ।

### १.२ शोध कार्यको प्रयोजन

प्रस्तुन अनुसन्धान म्याग्दी बहुमुखी क्याम्पस अनुसन्धान एकाइ तथा मालिका गाउँपालिका दरवाङका बीचमा सहकार्यात्मक रुपमा सम्पन्न गरिएको छ।

### १.३ विषय प्रवेश

परिवार समाजको आधारभूत र सबैभन्दा महत्वपूर्ण इकाइ हो। बालबालिकाहरुको पहिलो पाठशाला नै उनीहरुको घर हो । पहिलो शिक्षक आमाबुबा हुन् । बालबालिकाको सर्वाङ्गीण विकासमा पारिवारिक वातावारण,आमाबुबाको आपसी सम्बन्ध र भावनात्मक एकताले महत्वपूर्ण भूमिका खेल्छ तर पछिल्लो समय विश्वव्यापी रुपमा विशेष गरी नेपालमा बढदै गएको सम्बन्ध विच्छेद (Divorce) को घट्नाले पारिवारिक संरचनामा विचलन ल्याएको छ।

नेपालको सन्दर्भमा वैदेशिक रोजगारी,आधुनिकीकरण, चेतनाको स्तरमा बृद्धि र कानुनी अधिकारको प्रयोग सँगै सम्बन्ध विच्छेदका घट्नाहरु दिनप्रतिदिन बढदो क्रममा छन्। जब दम्पत्ति बीच विछोड हुन्छ यसको प्रत्यक्ष र गहिरो असर उनीहरुको सन्तानमा पर्ने गर्दछ। बालबालिकाले अभिभावकको माया साथ रेखदेख र आर्थिक संरक्षण गुमाउँदा उनीहरुको मानसिक स्वास्थ्य र विशेष गरी शैक्षिक भविष्य अन्धकारमय हुने जोखिम बढ्छ। गण्डकी प्रदेश म्याग्दी जिल्ला मालिका गाउँपालिका जस्ता ग्रामीण स्थानीय तहमा पनि पारिवारिक विखण्डनका कारण बालबालिकाको मनोवैज्ञानिक,सामाजिक र शैक्षिक विकासमा नकारात्मक प्रभाव परिरहेको छ।

अन्तराष्ट्रिय तथा राष्ट्रिय अध्ययनहरुले देखाए अनुसार सम्बन्ध विच्छेदले बालबालिकामा चिन्ता,अवसाद, एकाग्रता कमी र विद्यालय ड्रपआउट बढाउँछ। नेपालमा सम्बन्ध विच्छेदका कारण बालबालिकामा “निर्दोष पीडित” बन्ने अवस्था छ र उनीहरुको शिक्षा प्रभावित हुन्छ। मालिका गाउँपालिकामा स्थानीय तथ्याङ्कको अभाव

छ, तर विद्यालयहरुमा बालबालिकाको उपस्थिति,सिकाइ उपलब्धि र मनोसामाजिक समस्या बढेको अनौपचारिक सूचनाहरु छन् ।

यस अनुसन्धान प्रस्तावले गण्डकी प्रदेश अन्तर्गत म्याग्दी जिल्लामा अवस्थित मालिका गाउँपालिकालाई अध्ययन क्षेत्रको रुपमा छनौट गरेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १८,३,३२ रहेको छ भने यहाँ ४,५,९० घरधुरी रहेका छन् । यो गाउँपालिका देवीस्थान,दरवाङ,डाँडागाउँ,ओखरबोट, रुम,निस्कोट र बिम गरी ७ वटा वडाहरुमा विभाजित छ । ग्रामीण परिवेश वैदेशिक रोजगारीको उच्च चाप र सामाजिक संरचनामा आएको परिवर्तनले यहाँ पनि सम्बन्ध विच्छेदका घट्नाहरु बढदो छ । जसले बालबालिकाको शिक्षामा गम्भिर चुनौती सृजना गरेको छ ।

यो अध्ययनले मालिका गाउँपालिकाका विद्यालयहरुमा सम्बन्ध विच्छेद प्रभावित बालबालिकाको शैक्षिक अवस्थालाई विश्लेक्षण गरी स्थानीय नीति निर्माणमा सहयोग पुर्याउने देखिन्छ । यो प्रस्ताव म्याग्दी बहुमुखी क्याम्पस र मालिका गाउँपालिका बीचको सहकार्यात्मक अनुसन्धान कार्यक्रम अन्तर्गत पेश गरिएको हो ।

## १.४ समस्या कथन (Statement of the Problem)

मालिका गाउँपालिकामा शैक्षिक सचेतना बढ्दै गए पनि पारिवारिक विखण्डनका कारण विद्यालय उमेरका बालबालिकाको पढाइ प्रभावित भइरहेको छ । सम्बन्ध विच्छेद पछि प्राय बालबालिकाहरु आमा वा बुबा कुनै एकसँग मात्र बस्नु पर्ने वा कहिलेकाहीँ हजुरबुबा हजुरआमाको संरक्षणमा बस्नु पर्ने बाध्यता छ । यस अवस्थामा निम्न समस्याहरु टडकारो रुपमा देखिएका छ ।

१) अभिभावकको निरन्तर निगरानीको अभावमा बालबालिकाको स्थिति कस्तो छ ?

२) पारिवारिक कलह र विछोडको मानसिक तनाबले बालबालिकाको सिकाइ क्षमता र एकाग्रतामा कस्तो प्रभाव पार्छ ?

३)आर्थिक श्रोतको कमीले गर्दा शैक्षिक सामग्री,पोशाक र अतिरिक्त कक्षामा कस्तो प्रभाव परेको छ ?

४) बालबालिकाले बीचमै पढाइ छाड्ने (Drop Out) दर कस्तो छ ?

यद्यपि सम्बन्ध विच्छेदको कानूनी र सामाजिक पक्षमा केही अध्ययनहरु भए पनि म्याग्दीको ग्रामीण भेगमा यसले बालबालिकाको शिक्षामा पारेको सूक्ष्म प्रभाव बारे पर्याप्त अनुसन्धन भएको छैन । तसर्थ यो अध्ययन सोही अन्तराल(Gap) लाई सम्बोधन गर्ने प्रयास गर्ने देखिन्छ ।

## १.५ अध्ययनको उद्धेश्यहरु (Objectives of the Study)

### सामान्य उद्धेश्य (General of Objectives)

मालिका गाउँपालिकामा बुबा आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव पत्ता लगाउनु।

## विशिष्ट उद्धेश्य(Specific of Objectives)

क) मालिका गाउँपालिकामा सम्बन्ध विच्छेद हुनुका प्रमुख कारणहरु पत्ता लगाउनु ,

ख) सम्बन्ध विच्छेद पछि बालबालिकाको विद्यालय उपस्थिति र नियमिततामा परेको प्रभाव विश्लेषण गर्नु ,

ग) पारिवारिक विछोडले बालबालिकाको शैक्षिक उपलब्धि र सिकाइ स्तरमा परेको असर मूल्याङ्कन गर्नु ,

घ) सम्बन्ध विच्छेद पीडित बालबालिकाको मनोसामाजिक अवस्था र उनीहरुको शैक्षिक प्रदर्शन बीचको सम्बन्ध पत्ता लगाई स्थानीय पाठ्यक्रम निर्माणमा सहयोग गर्नु,

ङ) सम्बन्ध विच्छेद पछिका बालबालिकाको शैक्षिक भविष्य सुरक्षित गर्न आवश्यक सुझाव तथा उपायहरु सिफारिस गर्नु ।

## १.६ अनुसन्धानको महत्व /औचित्य(Significance/Rationale)

यो अध्ययनको महत्व बहुआयामिक हुनेछः

**१. नीतिगत महत्त्वः** यस अध्ययनबाट प्राप्त निष्कर्षले मालिका गाउँपालिका र अन्य स्थानीय तहलाई बालबालिका मैत्री शैक्षिक नीति तथा बाल संरक्षण कार्यविधि निर्माण गर्न सघाउ पु-याउने देखिन्छ।

**२. शैक्षिक महत्त्वः** विद्यालय प्रशासन र शिक्षकहरुलाई पारिवारिक समस्यामा रहेका विद्यार्थीसँग कस्तो व्यवहार गर्ने र उनीहरुलाई कसरी सहयोग गर्ने भन्ने कुरा बुझ्न मद्दत पुग्ने देखिन्छ।

**३. सामाजिक महत्त्वः** समाजमा बढ्दो सम्बन्ध विच्छेदको नकरात्मक असर बारे जनचेतना जगाउन र अभिभावकलाई जिम्मेवार बनाउन यो अध्ययन फलदायी हुने देखिन्छ।

**४. प्राज्ञिक महत्त्वः** ग्रामीण नेपालमा सम्बन्ध विच्छेद र शिक्षाको अन्तर सम्बन्धबारे भावी अनुसन्धान कर्ताहरुको लागि यो एक सन्दर्भ सामाग्री बन्ने देखिन्छ।

## १.७ साहित्य समीक्षा(Literature Review)

सम्बन्ध विच्छेद र बालबालिकाको शिक्षा तथा विकाससम्बन्धी विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय अध्ययनहरुको समीक्षा यस खण्डमा प्रस्तुत गरिएको छ।

**क. अन्तराष्ट्रिय अध्ययनहरुः**

**Amato (2001)** ले सम्बन्ध विच्छेद भएका परिवारका बालबालिकाको विभिन्न पक्षहरुको मेटा-विश्लेषण गर्दा पाएकी यस्ता बालबालिकाहरुमा शैक्षिक उपलब्धि सामाजिक समायोजन र मानसिक स्वास्थ्यमा तुलनात्मक रुपमा कमजोरी देखिन्छ। अभिभावकीय संघर्ष (Parental Conflict) र आर्थिक कठिनाइ यसका कारण हुन।

Sun & Li (2002) ले अमेरिकामा गरेको अध्ययनले सम्बन्ध विच्छेद भएका परिवारका बालबालिकाको पढाइ छोड्ने दर (Dropout Rate) औषत विद्यार्थी भन्दा उल्लेख्य रुपमा बढी रहेको पाए । आर्थिक अभाव र मनोवैज्ञानिक समस्याले यस्ता बालबालिकाको विद्यालय जाने जाँगर कम गर्ने देखियो ।

Breivik & Olweus (2006) ले नर्वेमा गरेको अध्ययनमा एकल अभिभावकसँग बस्ने बालबालिकाहरुमा विद्यालय उपस्थिति कमजोर हुने र शिक्षकसँगको सम्बन्ध पनि प्रभावित हुने देखाए । यस्ता बालबालिकाहरुलाई थप मनोसामाजिक सहयोगको आवश्यकता पर्ने निष्कर्ष निकाले ।

Vaalavuo (2021) ले युरोपमा गरेको तुलनात्मक अध्ययनले पुष्टि ग-यो की सम्बन्ध विच्छेद भएका परिवारका बालबालिकाको शैक्षिक प्रदर्शन मुख्यत ३ कारणले प्रभावित हुन्छः १. आर्थिक असुरक्षा २.अभिभावकीय  निगरानीको अभाव, ३. भावनात्मक अभाव ।

**ख. राष्ट्रिय (नेपाल) सन्दर्भका अध्ययनहरुः**

ढकाल (२०१८) ललितपुर जिल्लामा गरेको अध्ययन "Divorce and its effect on child's mental well beings and education" ले दर्शाएकी सम्बन्ध विच्छेद पछिका बालबालिकाहरुमा मानसिक तनाव विद्यालय प्रति अरुचि र शिक्षकसँगको सम्बन्धमा समस्या देखिन्छ । पढाइ छोड्ने र कक्षामा एकाग्र हुन नसक्ने समस्या पाइयो ।

नेपाल लाइभ (२०२३) को प्रतिवेदन अनुसार नेपालका अदालतहरुमा सम्बन्ध विच्छेदका मुद्दाहरु दिन प्रतिदिन बढिरहेका छन् । यसले विशेष गरी ग्रामीण क्षेत्रका बालबालिकालाई शिक्षाबाट बञ्चित गराउने खतरा बढेको छ ।

बचन न्यूज (२०२६) को प्रतिवेदन अनुसार नेपालमा सम्बन्ध विच्छेदका कारण बाल श्रम बढिरहेको छ । अभिभावकको निगरानी र सहाराको अभावमा बालबालिका पढाइ भन्दा श्रम तर्फ उन्मुख भएको देखिन्छ । पारिवारिक बेमेलका कारण बालबालिका बेचबिखानका  घटना समेत देखा परेका छन ।

## १.८ सैद्धान्तिक ढाँचा (Theoretical Framework):

यो अध्ययन मुख्यतया यूरि ब्रोनफेनब्रेनर (Uriebronfenbrenner 1979) को पारिस्थितिक प्रणाली सिद्धान्त (Ecological Systems Theory) मा आधारित हुनेछ । यो सिद्धान्तले बालबालिकाको विकासमा उनीहरुको नजिकको वातावारण (Microsystem) अर्थात् परिवार र विद्यालयको प्रभाव सबै भन्दा बढी हुने कुरालाई जोड दिन्छ । अभिभाविकको सम्बन्ध विच्छेदले यो Microsystem लाई खलबल्याउँछ, जसको असर सिधै बालबालिकाको शिक्षामा पर्छ ।

## १.९ अनुसन्धान रिक्तता (Research Gap):

माथि उल्लेखि अध्ययनहरुको समीक्षाबाट स्पष्ट हुन्छ की नेपालमा शहरी क्षेत्रका बालबालिका माथि सम्बन्ध विच्छेदको असरबारे केही अध्ययनहरु भए पनि म्याग्दी जस्तो हिमाली,दुर्गम र वैदेशिक रोजगारीले प्रभावित जिल्लाको ग्रामिण परिवेशमा यसले बालबालिकाको शिक्षामा पारेको विशिष्ट प्रभाव बारे पर्याप्त अनुसन्धान भएको छैन। मालिका गाउँपालिकामा स्थानीय भौगोलिक, सामाजिक र आर्थिक विशेषतालाई ध्यानमा राखेर गरिने सोही कमी (Research Gap) लाई सम्बोधन गर्ने जमर्को गरेको छ।

## १.१० अनुसन्धान विधि (Research Methodology)

### क. अनुसन्धान ढाँचा (Research Design):

यो अध्ययनमा गुणात्मक (Qualitative) र परिमाणात्मक (Quantitative) दुवै विधिलाई समेटेर मिश्रीत अनुसन्धान विधि (Mixed Method) अपनाइएको छ। तथ्याङ्कको गहिराइमा पुग्न गुणात्मक विधि र समस्याको व्यपकता नाप्न परिमाणात्मक विधिको प्रयोग गरिएको छ।

### ख. अध्ययन क्षेत्र र जनसंख्या

अध्ययनको मुख्य क्षेत्र म्याग्दी जिल्लाको मालिका गाउँपालिका हो। यहाँका सम्बन्ध विच्छेद भएका परिवारका बालबालिका तिनका अभिभावक /संरक्षक र सम्बन्धित विद्यालयका शिक्षकहरु यस अध्ययनको जनसंख्या रहेका छन्।

### ग. नमूना छनौट (Sampling):

यस अध्ययनका लागि उद्देश्यमूलक नमूना छनौट (Purposive Sampling) विधि प्रयोग गरिएको छ। अनुसन्धानकर्ताले गाउँपालिकाका जनप्रतिनिधी, न्यायिक समिति र विद्यालयको अभिलेखबाट सम्बन्ध विच्छेद भएका परिवारका बालबालिका पहिचान गरिएको छ।

| क्र.सं | उत्तरदाताको समूह | नमूना संख्या (अनुमानित) | छनौट विधि |
|---|---|---|---|
| १. | सम्बन्ध विच्छेद भएका परिवारका बालबालिका (कक्षा ६-१०) | १५ जना | उद्धेश्य मूलक (purposive) |
| २. | अभिभावक/संरक्षक | १० जना | सुविधाजनक (convenience) |
| ३. | शिक्षक/ प्रधानाध्यापक | ५ जना | उद्धेश्य मूलक |
| ४. | सम्बन्धित वडाका वडा अध्यक्ष/प्रतिनिधि | ७ जना | विशेषज्ञ (Key Informant) |

| | | | |
|---|---|---|---|
| ५. | जम्मा | ३७ जना | |

## १.११ तथ्याङ्क सङ्कलन विधि (Data Collection Method)

* **प्रश्नावली (Questionnaire):** बालबालिका र शिक्षकहरुको लागि संरचित प्रश्नावली

* **अन्तर्वार्ता (Interview):** अभिभावक र जनप्रतिनिधीसँग प्रश्नावली केन्द्रित अन्तर्वार्ता

*लक्षित समूह छलफल (FGD): शिक्षकहरुसँग सामूहिक छलफल

*अवलोकन (Observation): बालबालिकाको विद्यालय हाजिरी अभिलेख र नतिजा पुस्तिका (Mark Sheet) अवलोकन र विद्यार्थीसँगको अन्तर्वार्ता।

## १.१२ तथ्याङ्क विश्लेषण (Data Analysis)

संकलित परिमाणात्मक तथ्याङ्कलाई तालिकामा प्रस्तुत गरिनेछ भने गुणात्मक तथ्याङ्कलाई विषयगत विश्लेषण (Thematic Analysis) विधिद्धारा व्याख्या गरिएको छ।

### १.१३ सीमाहरु (Limitations):

यो अध्ययनका केही सीमाहरु निम्न अनुसार रहेका छन् :-

* यो अध्ययन केबल म्याग्दी जिल्लाको मालिका गाउँपालिका मात्र केन्द्रित रहेको छ ,

* यो केवल कक्षा ६-१० सम्मका बालबालिकालाई मात्र समेटिएको छ ,

* यो अध्ययन सीमित समय र स्रोत साधनभित्र रहेर सम्पन्न गरिएको छ।

### १.१४ कार्य तालिका (Work Plan / Timeline):

यो अनुसन्धान प्रस्ताव स्वीकृत भएपछि ४ महिनाको अवधिमा सम्पन्न गरिएको छ।

| क्र.नं | क्रिया कलापहरु | पहिलो महिना | दोस्रो महिना | तेस्रो महिना | चौँथो महिना |
|---|---|---|---|---|---|
| १. | साहित्य समीक्षा र प्रस्ताव लेखन | — | | | |
| २. | साधन निर्माण(प्रश्नावली निर्माण) | — | | | |
| ३. | तथ्याङ्क संकलन (Field Visit) | | — | | |
| ४. | तथ्याङ्क प्रविष्टि र विश्लेषण | | | — | |
| ५. | प्रतिवेदन लेखन (Drafting) | | | — | |
| ६. | अन्तिम प्रतिवेदन प्रस्तुतीकरण | | | | — |

**१.१५ बजेट (Budget)**

| क्र.सं | खर्चको विवरण | रकम (रु) | कैफियत/स्रोत |
|---|---|---|---|
| १. | प्रश्नावली छपाइ र फोटोकपी | १५०००/- | |
| २. | यातायात र फिल्ड भ्रमण | २००००/- | |
| ३. | डाटा विश्लेषण,सफ्टवेयर र कम्प्युटर खर्च | २००००/- | |
| ४. | अन्तर्वार्ता | १००००/- | |
| ५. | प्रतिवेदन छपाइ र बाँडफाँड | २००००/- | |
| ६. | आकस्मिक खर्च | १५०००/- | |
| - | कूल जम्मा बजेट | १०००००/- | म्याग्दी बहुमुखी क्याम्पस (अनुसन्धान इकाइ) र मालिका गाउँपालिकाको सहकार्यबाट व्यवस्थापन भएको ) |

# परिच्छेद -२

## सम्बन्ध विच्छेदको सैद्धान्तिक अवधारण

### १.विषय प्रवेश (Introduction)

हिन्दू सामाजिक संस्कार अनुसार सम्बन्ध विच्छेद विवाह तथा पुर्नविवाहलाई सामाजिक मान्यता दिइएको पाइदैन। बरु विवाह एक धार्मिक संस्कार हो जसअनुसार आफ्नो परम्परालाई निरन्तरता दिन विवाह गरिन्छ। यसरी गरिएको विवाहमा लोग्ने स्वास्नीको सम्बन्ध यस लोकदेखि परलोकसम्म अक्षुण रहन्छ। जसलाई विच्छेद गर्न सकिदैन र हुँदैन पनि। वर्तमान परिवेशमा महिलाहरु पनि हरेक कुरामा अघि बढ्दै गएका छन्। विज्ञान र प्रविधि तथा सचेतना सक्षमताले गर्दा पनि महिलाहरु पुरुषको दमन सहेर बस्न चाहदैनन्। उनीहरु छोडपत्र गरेर आफ्नो आत्म सम्मान कायमै राख्न चाहान्छन्। केही वर्ष अघि बाह्य मुलुकको तुलनामा नेपालमा सम्बन्ध विच्छेदको दर न्यून थियो तर यो दर दिनानुदिन तिब्र रुपले बढ्दो छ। जसरी विवाह उत्पत्तिको सम्बन्धमा समय किटान गर्न सकिएको छैन। त्यसैगरी सम्बन्ध विच्छेदका सम्बन्धमा पनि किटान गर्न सकिएको छैन। बढदो सम्बन्ध विच्छेदका कारण बालबालिकाहरु समेत प्रभावित हुने भएकाले प्रभावित बालबालिकाहरुको संख्या समेत एकिन गर्न सकिएको छैन।

नेपालमा यस्तो वैवाहिक सम्बन्ध र सम्बन्ध विच्छेदको अवस्था कानूनी रुपमा २०२० सालमा बनेको मुलुकी ऐनबाट सुरु हुन पुग्यो। त्यसपछि सम्बन्ध विच्छेदका घट्नाहरु परिवार तथा समाजमा प्रष्ट रुपमा बृद्धि हुन थाले। हिन्दु धर्मशास्त्र अनुसार स्त्री विनाको पुरुष पूर्ण मानिदैन। एउटा पुरुषले पूर्णत्व प्राप्त गर्न स्त्री र सन्तान हुनुपर्दछ। त्यसै गरी जो पति छ त्यो स्त्री पनि हो र हिन्दु समाजमा विकासको लगभग २ हजार बर्ष सम्म पनि सम्बन्ध विच्छेदको अवधारणा देखा परेको पाइदैन। Encyclopedia Britanica 1990 का अनुसार अंग्रेजीको Divorce ल्याटिन भाषाको Divordium बाट लिएको पाइन्छ। जसमा Dis को अर्थ Apart र Vordium को अर्थ To turn भन्ने हुन्छ। यसको अर्थ हुन्छ, विवाह द्धारा स्थापित सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो। सम्बन्ध विच्छेदसम्बन्धी विभिन्न परिभाषाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

“पति जतिसुकै निच भएपनि पत्नीले विवाह विच्छेद गर्न नपाइने उसले प्रायश्चितसम्म प्रतिज्ञा गरिरहनु पर्ने हुन्छ र प्रायश्चित पश्चात पुनः सम्बन्ध कायम हुन्छ” **(याज्ञवलक्य)**

“लोग्ने स्वास्नी बीच असमजदारी भएमा वा सँगै बस्न नसक्ने अवस्था आएमा “सिन्को भाँची छुट्टिन सक्ने” **(मुलुकी ऐन १९१०)**

“विवाह वा सम्बन्ध विच्छेद भन्नाले अदालतको फैसलाद्धारा लोग्ने र स्वास्नी बीचको वैवाहिक सम्बन्धको पूर्ण रुपमा अन्त्य हो। अतः कानूनी रुपमा लोग्ने स्वास्नी बीचको सम्बन्धको अन्त्य नै सम्बन्ध विच्छेद हो।” **( टोप बहादुर सिंह, २०३८)**

" लोग्ने र स्वास्नीको वैवाहिक सम्बन्धलाई पुरै अन्त गर्ने वा निजहरुको सहवासको अवस्थालाई तत्कालको लागि निष्कृय पार्ने गरी अदालतबाट भएको फैसला वा निर्णयले हुने कानूनी विच्छेद " । **(Black's law Dictionary 12th Edition, 2024)**

"विवाहित दम्पत्तिले कानूनी रित पु-याई वा धार्मिक परम्परा अनुरूप वैवाहिक सम्बन्ध कायम रहन नसकी लोग्ने र स्वास्नीको वैवाहिक सम्बन्धबाट अलग हुने प्रक्रियालाई नै सम्बन्ध विच्छेद भनिन्छ ।" **(नेपाली बृहत शब्दकोष)**

सम्बन्ध विच्छेद भनेको श्रीमान श्रीमती बीचको वैवाहिक सम्बन्धलाई कानून बमोजिम विच्छेद गरिनु हो। यसलाई अझ प्रष्ट भाषामा भन्नु पर्दा छोडपत्र वा पारपाचुके पनि भनिन्छ। श्रीमान श्रीमती बीचको नाता कुनै पनि परिस्थितिमा टुट्नुलाई नै सम्बन्ध विच्छेद भनिन्छ। **(Lacc Nepal,2072)**

सम्बन्ध विच्छेद हुनुको मूल कारण भनेको पुरुष प्रधान समाज भएकाले पुरुषहरुले महिलाहरुलाई दमन गर्न खोज्दछन् र महिलाहरु त्यो सहन सक्दैनन् किनभने अहिलेका महिलाहरु सक्षम,आत्मनिर्भर,स्वरोजगार भइसकेका छन् र किन दमन, अन्याय, अत्याचार सहेर बस्ने भनेर सँगै बस्न चाहदैनन् र सम्बन्ध विच्छेद गर्दछन भनेर भन्नुभएको छ। **(पौडेल,२०७२)**

सम्बन्ध विच्छेदका मूल कारण भनेको वाल विवाह सूचना प्रविधिको बढदो विकास र हिंसा, Physical relationship ले गर्दा सम्बन्ध विच्छेदका घटनाहरु बढी रहेका छन भन्नुभएको छ। **(सुशिला पौडेल,२०७२)**

"भोगको इच्छा नगर्ने पतिलाई नसहने पत्नी वा भोगको इच्छा नगर्ने पत्नीलाई नसहने पति दुवैले छोड्न नपाउने तर परस्पर नसहने भए दुवैले छोड्न हुन्छ उनले उपल्ला जातिलाई छोडेर तल्ला जातिहरु जस्तै गान्धर्व अनुसार राक्षस तथा पिचास विवाहमा पतिपत्नीले विवाह विच्छेद गर्न सक्ने कुरा उल्लेख गरेका छन " **(लम्साल,२०४९)**

हाम्रो देशको सन्दर्भमा विवाह विच्छेदको अवधारण जब भारतमा Hindus Marriage Act 1955 लागू भयो । त्यसपछि वि.सं २०२० सालमा मुलुकी ऐन नेपालमा लागु भएपछि विवाह विच्छेदसम्बन्धी अवधारण नेपाली समाजमा फैलिन थाल्यो । विवाह पश्चात पतिको सम्पत्तिमा पत्नीको पनि समान हक रहने कानूनी व्यवस्थाले आर्थिक क्रियाकलापको निर्णय प्रक्रियामा पत्नीको पनि निर्यात्मक भूमिका रहन सक्ने अवस्था सृजना हुन पुग्यो। जसले गर्दा राज्यको प्रशासनिक निकायमा विवाह दर्ता गर्नुपर्ने प्रावधान शुरु हुन थाल्यो। विवाह दर्ताले पतिको सम्पत्तिमा पत्नीको हक स्थापित हुन सकोस। त्यस्तै पत्नीले दोस्रो विवाह गरेर गएमा सम्बन्ध तोडिएको रेकर्ड राख्नु पर्ने र पत्नीको पूर्व पतिको सम्पत्तिमा दावी गर्न सक्ने कानूनी हैसियत समाप्त गर्नु पर्ने अवस्था सृजना भयो। सम्बन्ध तोडिएको नदेखाउदा पूर्व पतिको सम्पत्तिमा पत्नीको हक सँधै कायमै रहने हुँदा सम्बन्ध विच्छेद गर्नु पर्ने अवस्था सृजना भयो। त्यसपछि सम्बन्ध विच्छेदका घट्ना दर्ता प्रक्रिया समाजमा तिब्र रुपमा बढन थाल्यो।

हाम्रो समाजमा २०२० सालको मुलुकी ऐन आउनु पूर्व हाम्रो समाजमा विभिन्न जात जातिहरुमा आ-आफ्नो धार्मिक परम्परा एवं संस्कार अनुसार सम्बन्ध विच्छेद गर्ने चलन थियो। जस्तै नेवार जातिमा ग्वे लितविगु (पारपाचुके सुपारी फर्काउने),शेर्पा जातिमा पैतु वा टलु,थकाली जातिमा पर गर्ने र लिम्बु जातिमा खेम्जोप न्यापाजोप आदि व्यवस्था भएता पनि २०२० सालको मुलुकी ऐनले कानूनी मान्यता भने दिएको देखिदैन। जस्तोसुकै प्रकारले विवाह गरेको भएता पनि सम्बन्ध विच्छेद अड्डामै गरेकाले मात्र कानूनी मान्यता प्राप्त हुन्छ **(लेख,न्यायदुत २०५८,अधिवक्ता साधना श्रेष्ठ)**

**लोग्नेमानिसले सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाः**

(क) स्वास्नीले लोग्नेलाई निजको मन्जुरी बेगर लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि छोडी अलग बस्ने गरेमा, वा

(ख) लोग्नेको ज्यान जाने,अंगभंग हुने वा अरु कुनै ठूलो शारीरिक कष्ट हुने कुनै किसिमको काम वा जाल प्रपञ्च गरेमा, वा

(ग) स्वास्नीलाई निको नहुने यौनसम्बन्धी कुनै रोग लागेमा,वा

(घ) स्वास्नीले परपुरुषसँग करणी गराएको ठहरेमा।

**स्वास्नीमानिसले सम्बन्ध विच्छेद गर्न पाउने अवस्थाः**

(क) लोग्नेले अरु स्वास्नी ल्याएमा वा राखेमा, वा

(ख) स्वास्नीलाई घरबाट निकालेमा,वा

(ग) स्वास्नीलाई खान लाउन नदिएमा,वा

(घ) स्वास्नीको खोज खबर नलिई हेरविचार नराखी लगातार तीन वर्ष वा सो भन्दाबढी समयदेखि स्वास्नीलाई छाडी अलग बस्ने गरेमा,वा

(ङ) स्वास्नीको ज्यान जाने,अंगभंग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,वा

(च) लोग्ने नपुंसक हुन गएमा,वा

(छ) लोग्नेलाई निको नहुने यौन सम्बन्धी कुनै रोग लागेमा,वा

(ज) लोग्नेले परस्त्रीसँग करणी गरेको ठहरेमा।

(झ) जबरजस्ती करणीको महलको ३ नम्बरको दफा ६ बमोजिम लोग्नेले स्वास्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा।

माथि उल्लेखित अवस्था बाहेक लोग्ने स्वास्नीले सम्बन्ध विच्छेद गर्न मञ्जुरी भएमा लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गर्न सक्ने व्यवस्था थियो। **(मुलुकी ऐन २०२०,लोग्ने स्वास्नीको महल १२,पृष्ट ४३७)**

**दुवैको मञ्जुरीले सम्बन्ध विच्छेद गर्न सक्नेः**पति पत्नी दुवैले चाहेमा जहिलेसुकै पनि पति पत्नीको सम्बन्ध विच्छेद गर्न सक्नेछन्। **(मुलुकी देवानी संहिता २०७४ को दफा ९३, पृष्ट ३३)**

**पतिले सम्बन्ध विच्छेद गर्न सक्नेः**

(क) कानून बमोजिम अंश लिई वा मानो छुटिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पत्नीले पतिको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि अलग बसेमा

(ख) पत्नीले पतिलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पत्नीले पतिको अङ्ग भङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,

(घ) पत्नीले अन्य पुरुषसँग यौन सम्बन्ध राखेको ठहरेमा।**(मुलुकी देवानी संहिता २०७४ को दफा ९४, पृष्ट ३३)**

**पत्नीले सम्बन्ध विच्छेद गर्न सक्नेः**

(क) कानून बमोजिम अंश लिई वा मानो छुटिई पति पत्नी भिन्न बसेको अवस्थामा बाहेक पतिले पत्नीको मञ्जुरी नलिई लगातार तीन वर्ष वा सो भन्दा बढी समयदेखि अलग बसेमा,

(ख) पतिले पत्नीलाई खान लगाउन नदिएमा वा घरबाट निकाला गरिदिएमा,

(ग) पतिले पत्नीको अङ्ग भङ्ग हुने वा अरु कुनै ठूलो शारीरिक वा मानसिक कष्ट हुने किसिमको काम वा जाल प्रपञ्च गरेमा,

(घ) पतिले अर्को विवाह गरेमा,

(ङ) पतिले अन्य महिलासँग यौन सम्बन्ध राखेको ठहरेमा,

(च) पतिले पत्नीलाई जबरजस्ती करणी गरेको ठहरेमा ।**(मुलुकी देवानी संहिता २०७४ को दफा ९५, पृष्ट ३३-३४)**

यस प्रकारबाट विवाह विच्छेदको घट्नालाई राज्यले कानूनी मान्यता दिएबाट परिवारमा घट्ने दाम्पत्य विखण्डनका घटनाहरु नेपाली समाजमा प्रष्ट रुपमा देखिन थाले । नेपाली समाजमा हुने गरेका विवाह विच्छेदका घटनाहरुको आधिकारिक तथ्यांक प्रकाशनमा राज्यले त्यति ध्यान दिएको देखिदैन ।

नेपालमा शुरूवाती चरणमा बालबालकिका सम्बन्धी छुट्टै र विशिष्ट कानुनहरु थिएनन् । पारिवारिक कानून र बालअधिकारका विषयहरु परम्परागत र आम कानुन अन्तर्गत नै समेटिएको थियो । बालबालिकाको हक अधिकारलाई अंशवण्डा,सम्बन्ध विच्छेद र कल्याणका महलमा समान्य रुपमा समेटने काम भयो । त्यो समयमा बालबालिकाहरुलाई अभिभावकको आश्रित रुपमा मात्र हेरिन्थ्यो । बाबु-आमाको सम्बन्ध विच्छेद हुँदा बच्चाको इच्छा भन्दा पनि पितृसत्तात्मक वा मातृसत्तात्मक अधिकारलाई बढी जोड दिइन्थ्यो । **(मुलुकी ऐन २०२०)**

सन् १९८९ को संयुक्त राष्ट्रसंघीय बाल अधिकार महासन्धी (UNCRC) को नेपालले अनुमोदन गरेपछि नेपालको इतिहासमा बालबालिकाका लागि बनेको पहिलो विशेष र लिखित कानून बालबालिका सम्बन्धी ऐन २०४८ आएको हो । यसमा "१६ वर्ष मुनिकालाई मात्र बालबालिका भनिन्थ्यो । बालबालिकालाई शारीरिक तथा

मानसिक यातना दिन नहुने र बालबालिकाको संरक्षणको लागि स्थानीय तहमा प्रशासनिक संयन्त्रको अभाव थियो।" **(बालबालिका सम्बन्धी ऐन, २०४८)**

"प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ। प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ।" **(नेपालको संबिधान २०७२ को धारा ३१)**

"बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिनुपर्ने भनी १८ वर्ष मुनिकालाई मात्र बालबालिका मानेको छ। बाबु-आमा सम्बन्ध विच्छेद गरी अलग बसेका आधारमा बालबालिका माथि कुनै किसिमको भेदभाव गर्न पाइदैन। बालबालिकाको अधिकारको मुख्य संरक्षणको जिम्मेवारी स्थानीय सरकार मालिका गाउँपालिकालाई दिएको र गाउँपालिकामा स्थानीय बाल अधिकार समितिको व्यवस्था गरिएको छ। जसले पारिवारिक विखण्डनमा परेका बालबालिकाको रेखदेख गर्छ।" **(बालबालिका सम्बन्धी ऐन २०७५)**

प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ। प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा,स्वास्थ्य,पालनपोषण,उचित स्याहार,खेलकुद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ। प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा अन्य सहभागिताको हक हुनेछ। कुनै पनि बालबालिकालाई कलकारखाना,खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन। कुनै पनि बालबालिकालाई बाल विवाह,गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन। कुनै पनि बालबालिकालाई घर,विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन। प्रत्येक बालबालिकालाई बाल अनुकुल न्यायको हक हुनेछ। असहाय,अनाथ,अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ। **(बालबालिकाको हक संविधानको धारा ३९)**

प्रत्येक नाबालकलाई आमा बाबुले संयुक्त रुपमा हेरचाह र स्याहार सम्भार गर्नु पर्नेछ। हेरचाह र स्याहार सम्भार गर्दा आमा बाबुले आफ्नो आर्थिक हैसियत र क्षमता अनुसार पालनपोषण, स्वास्थ्य उपचार,शिक्षा,दीक्षा, खेलकुद,मनोरञ्जन तथा अन्य आवश्यक व्यवस्था गर्नुपर्नेछ। **(मुलुकी देवानी संहिता २०७४ को दफा ११४)**

कानून बमोजिम पति पत्नीको वैवाहिक सम्बन्ध अन्त्य भएमा निजहरुबाट जन्मिएका कुनै नाबालक भए त्यस्तो नाबालकको पालनपोषण, शिक्षा र उपचारको व्यवस्थाको सम्बन्धमा पति पत्नी बीच कुनै सहमती भएकोमा सोही बमोजिम र त्यस्तो सहमती नभएमा देहाय बमोजिम हुनेछ।

(क) पाँच वर्ष पूरा नगरेको नाबालक भए आमाको जिम्मा,

(ख) पाँच वर्ष वा सो भन्दा माथि दश वर्ष पूरा नभएको नाबालक भए बाबुको जिम्मा,

(ग) दश वर्ष पुरा गरेको नाबालक भए निजले आमा, बाबु मध्ये जोसँग बस्न मञ्जुर गरेको छ निजको जिम्मा। **(मुलुकी देवानी संहिता २०७४ को दफा ११५)**

मुलुकी देवानी संहिता २०७४ को दफा ११६ (२) बमोजिम नाबालक जिम्मा लिने आमा वा बाबुको भन्दा जिम्मा नलिने आमा वा बाबुको आम्दानी बढी रहेछ भने त्यस्तो आमा वा बाबुले त्यस्तो नाबालकको पालनपोषण,शिक्षा र उपचारका लागि त्यस्तो आमा बाबुको सहमति बमोजिमको र त्यस्तो सहमति हुन नसकेमा आदालतले तोके बमोजिम खर्च त्यस्तो नाबालकलाई उपलब्ध गराउनु पर्नेछ ।**(मुलुकी देवानी संहिता २०७४ को दफा ११६ (२) )**

**भेटघाटको सुविधा पाउनेः** कानून बमोजिम वैवाहिक सम्बन्ध अन्त्य भएको वा आमा र बाबु भिन्न बसेको अवस्थामा आमाको जिम्मा रहेको नाबालकलाई बाबुसँग र बाबुको जिम्मा रहेको नाबालकलाई आमासँग समय समयमा भेट गर्न वा आमा बाबुको सहमतिमा केही अवधिको लागि साथमा रहन दिनु पर्नेछ । **(मुलुकी देवानी संहिता २०७४ को दफा ११७)**

# परिच्छेद -३

## मुद्दाहरुको अध्ययन तथा विश्लेषण

म्याग्दी जिल्ला अदालतमा २०७५ साल देखि २०८२ साल सम्म दर्ता भई सम्बन्ध विच्छेद भएका मुद्दाहरुको अध्ययन तथा विश्लेषण

### ३.१ मालिका गाउँपालिका वडा नं १ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्याङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं १ मा भएको सम्बन्ध विच्छेदको संख्या २१ जना देखाएको छ।

**तालिका-१**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | २ | मगर-२ | सम्बन्ध विच्छेद | मिलापत्र-२ |
| २. | २०७६ | १ | मगर -१ | ” | डिसमिस-१ |
| ३ | २०७७ | ० | - | - | - |
| ४. | २०७८ | २ | मगर-२ | ” | मिलापत्र-२ |
| ५ | २०७९ | ४ | मगर-३ र दलित-१ | वै. स. अ. | मिलापत्र-४ |
| ६. | २०८० | ४ | दलित-३ र शर्मा-१ | सम्बन्ध विच्छेद | मिलापत्र-४ |
| ७. | २०८१ | ३ | दलित-१ र मगर-२ | संबन्ध विच्छेद | मिलापत्र -१ तथा फैसला-२ |
| ८. | २०८२ | ५ | दलित-२, मगर -३ | ” | डिसमिस-१ र मिलापत्र-४ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २१ | मगर-१३,दलित -७ र ब्राह्मण-१, | | मिलापत्र -१७, फैसला-२ र डिसमिस-२ |

**स्रोतः म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं १ मा सम्बन्ध विच्छेद भएको संख्या र थरगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा २ वटा ,२०७६ सालमा १ वटा ,२०७७ सालमा ० वटा ,२०७८ सालमा २ वटा ,२०७९ सालमा ४ वटा ,२०८० सालमा ४ वटा २०८१ सालमा ३ वटा र २०८२ सालमा ५ वटा गरी जम्मा २१ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भई टुंगिएको देखियो। तथ्यांकले मालिका गाउँपालिका वडा नं १ को सम्बन्ध विच्छेद दर बढदो क्रममा देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्यांकलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २१ वटा भएको देखियो। जसमध्ये १३ जना मगर थरका मानिसहरु पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा ७ जना र १ जना ब्राह्मण जातका मानिसहरु देखिएका छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं १ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ति ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारकतत्व पारिवारिक बेमेल नभई वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा डिपेन्डेन्ट भिषामा विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्याङ्कबाट यसको दर बढ्दो क्रममा देखिन्छ।
मुद्दा टुङ्गाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २१ वटा भएता पनि १७ वटा सम्बन्ध विच्छेदका मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दाहरु डिसमिस भएको र २ वटा फैसला भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी तारिख नै छाडिदिने र कहिलेकाहीँ वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन। त्यसकारण डिसमिस संख्या न्यून रहेको देखिन्छ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ। अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्याङ्क कम रहेको देखिन्छ।

## ३.२ मालिका गाउँपालिका वडा नं २ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्याङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं २ मा भएको सम्बन्ध विच्छेदको संख्या २३ जना देखाएको छ।

**तालिका-२**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | ५ | मगर-४ र दलित -१ | सम्बन्ध विच्छेद | मिलापत्र-५ |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | २०७६ | १ | मगर-१ | ” | मिलापत्र-१ |
| ३ | २०७७ | २ | मगर-२ | सं. वि. र वै.स.अ. | मिलापत्र-२ |
| ४. | २०७८ | ० | - | - | - |
| ५ | २०७९ | ६ | मगर-४, नेवार -१ र दलित -१ | वै.स.अ.र सं.वि. | मिलापत्र-४, डिसमिस-२ |
| ६. | २०८० | ० | - | - | - |
| ७. | २०८१ | ७ | मगर-५ र दलित-२ | संबन्ध विच्छेद | मिलापत्र -६ तथा फैसला-१ |
| ८. | २०८२ | २ | मगर -२ | ” | मिलापत्र-२ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २३ | मगर-१८,दलित -४ र नेवार-१ | | मिलापत्र -२०, फैसला -१ र डिसमिस-२ |

**स्रोत:म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं २ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा ५ वटा ,२०७६ सालमा १ वटा ,२०७७ सालमा २ वटा ,२०७८ सालमा ० वटा ,२०७९ सालमा ६ वटा ,२०८० सालमा ० वटा २०८१ सालमा ७ वटा र २०८२ सालमा २ वटा गरी जम्मा २३ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्यांकले मालिका गाउँपालिका वडा नं २ को सम्बन्ध विच्छेद २०७५ साल,२०७९ साल र २०८१ सालमा संख्यात्मक रुपमा बढको र अन्य सालमा कम देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्यांकलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएको देखियो। जसमध्ये १८ जना मगर जातका मानिसहरु पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा ४ जना र १ जना नेवार जातका मानिसहरु देखिएका छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं २ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ती ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व पारिवारिक बेमेल नभई वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा डिपेन्डेन्ट भिषामा विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा

यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्यांकबाट यसको दर बढ्दो क्रममा देखिन्छ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएता पनि २० वटा सम्बन्ध विच्छेदका मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दाहरु डिसमिस भएको र १ वटा फैसला भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी तारिख नै छाडिदिने र कहिलेकाहीँ वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन। त्यसकारण डिसमिस संख्या न्युन रहेको देखिन्छ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ। अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्याङ्क सबै भन्दा कम रहेको देखिन्छ।

## ३.३ मालिका गाउँपालिका वडा नं ३ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्यांङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ३ मा भएको सम्बन्ध विच्छेदको संख्या २३ जना देखाएको छ।

**तालिका-३**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | १ | मगर-१ | सम्बन्ध विच्छेद | मिलापत्र-१ |
| २. | २०७६ | ० | - | - | - |
| ३ | २०७७ | ० | - | - | - |
| ४. | २०७८ | ४ | मगर-२ र क्षेत्री -२ | सं. वि. | मिलापत्र-४ |
| ५ | २०७९ | ३ | मगर-३ | वै.स.अ.र सं.वि. | मिलापत्र-२ डिसमिस-१ |
| ६. | २०८० | ४ | मगर-३ र क्षेत्री-१ | सं. वि. | मिलापत्र-४ |
| ७. | २०८१ | ४ | दलित-४ | संबन्ध विच्छेद | मिलापत्र -४ |
| ८. | २०८२ | ७ | मगर -४, दलित -३ | ” | मिलापत्र-७ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २३ | मगर-१३,दलित -७ र क्षेत्री-३ | | मिलापत्र -२२ र डिसमिस-१ |

**स्रोत:म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं २ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा १ वटा ,२०७६ सालमा ० वटा ,२०७७ सालमा ० वटा ,२०७८ सालमा ४ वटा ,२०७९ सालमा ३ वटा ,२०८० सालमा ४ वटा २०८१ सालमा ४ वटा र २०८२ सालमा ७ वटा गरी जम्मा २३ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्याङ्कले मालिका गाउँपालिका वडा नं ३ को सम्बन्ध विच्छेद २०७५ सालमा १,२०७६ साल र २०७७ सालमा सम्बन्ध विच्छेद जिरो देखिएको छ। २०७८ ,२०७९ ,२०८० र २०८१ सालमा सम्बन्ध विच्छेदमा एक रुपता देखिएता पनि २०८२ सालमा ह्वात्तै बढेको देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्यांकलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएको देखियो। जसमध्ये मगर जातका-१३ वटा पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा ७ वटा दोस्रो स्थानमा र क्षेत्री जातका -३ वटा तेस्रो स्थानमा देखिएका छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ३ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ति ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व पारिवारिक बेमेल नभई वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा डिपेन्डेन्ट भिषामा विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्यांकबाट यसको दर बढ्दो क्रममा देखिन्छ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्यांकलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएता पनि २० वटा सम्बन्ध विच्छेदका मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दाहरु डिसमिस भएको र १ वटा फैसला भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी तारिख नै छाडिदिने र कहिलेकाहीँ वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन्। त्यसकारण डिसमिस संख्या न्युन रहेको देखिन्छ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ। अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्यांक सबै भन्दा कम रहेको देखिन्छ।

## ३.४ मालिका गाउँपालिका वडा नं ४ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्याङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ४ मा भएको सम्बन्ध विच्छेदको संख्या २९ जना देखाएको छ।

**तालिका-४**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | २ | मगर-२ | सम्बन्ध विच्छेद | मिलापत्र-२ |
| २. | २०७६ | १ | मगर-१ | ” | मिलापत्र -१ |
| ३ | २०७७ | ० | - | - | - |
| ४. | २०७८ | २ | मगर-२ | सं. वि. | मिलापत्र-२ |
| ५ | २०७९ | ६ | मगर-४ र दलित -२ | सं.वि. | मिलापत्र-६ |
| ६. | २०८० | ४ | मगर-३ र दलित-१ | सं. वि. | मिलापत्र-४ |
| ७. | २०८१ | ९ | मगर-५ र दलित-४ | संबन्ध विच्छेद | मिलापत्र -९ |
| ८. | २०८२ | ५ | मगर -३, दलित -२ | ” | मिलापत्र-५ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २९ | मगर-१९ र दलित -१० | | मिलापत्र-२९ |

**स्रोत:म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं ४ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा २ वटा ,२०७६ सालमा १ वटा ,२०७७ सालमा ० वटा ,२०७८ सालमा २ वटा ,२०७९ सालमा ६ वटा ,२०८० सालमा ४ वटा २०८१ सालमा ९ वटा र २०८२ सालमा ५ वटा गरी जम्मा २९ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्यांङ्ले मालिका गाउँपालिका वडा नं ४ को सम्बन्ध विच्छेद घटबढ भई मिश्रीतत खालको देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २९ वटा भएको देखियो। जसमध्ये मगर जातका-१९ वटा पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा १० वटा दोस्रो स्थानमा देखिएका छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ४ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ती ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व

पारिवारिक बेमेल नभई  वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात  ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा  डिपेन्डेन्ट भिषामा  विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्यांकबाट यसको दर बढ्दो क्रममा देखिन्छ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई  विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २९ वटा देखिएको र सबै सम्बन्ध विच्छेदका  मुद्दाहरुको मिलापत्र भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि  मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

### ३.५ मालिका गाउँपालिका वडा नं ५ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्यांक अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ५ मा भएको सम्बन्ध विच्छेदको संख्या २८ जना देखाएको छ।

**तालिका-५**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | १ | दलित-१ | सम्बन्ध विच्छेद | मिलापत्र-१ |
| २. | २०७६ | ३ | मगर-३ | ” | मिलापत्र-२ र फैसला-१ |
| ३ | २०७७ | ५ | मगर-५ | ” | मिलापत्र-५ |
| ४. | २०७८ | ४ | मगर-४ | सं. वि. | मिलापत्र-४ |
| ५ | २०७९ | ३ | दलित – २ र ठकुरी-१ | सं.वि. | मिलापत्र-२ डिसमिस-१ |
| ६. | २०८० | ० | - | - | - |
| ७. | २०८१ | ८ | मगर-७ दलित-१ | संबन्ध विच्छेद | मिलापत्र -७ र फैसला-१ |
| ८. | २०८२ | ४ | मगर -४, | ” | मिलापत्र-३ र फैसला-१ |

| | | | | | |
|---|---|---|---|---|---|
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २८ | मगर-२३,दलित -४ र ठकुरी-१ | | मिलापत्र-२४, फैसला-३ र डिसमिस-१ |

**स्रोत:म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं ५ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा १ वटा ,२०७६ सालमा ३ वटा ,२०७७ सालमा ५ वटा ,२०७८ सालमा ४ वटा ,२०७९ सालमा ३ वटा ,२०८० सालमा ० वटा, २०८१ सालमा ८ वटा र २०८२ सालमा ४ वटा गरी जम्मा २८ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्यांकले मालिका गाउँपालिका वडा नं ५ को सम्बन्ध विच्छेद घटबढ भई मिश्रीत अवस्था देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएको देखियो। जसमध्ये मगर जातका-२३ वटा पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा ४ वटा दोस्रो स्थानमा र ठकुरी जातका -१ वटा तेस्रो स्थानमा देखिएका छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ५ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ति ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व पारिवारिक बेमेल नभई वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा डिपेन्डेन्ट भिषामा विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्यांकबाट यसको दर बढ्दो क्रममा देखिन्छ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्यांकलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २३ वटा भएता पनि २० वटा सम्बन्ध विच्छेदका मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दाहरु डिसमिस भएको र १ वटा फैसला भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी तारिख नै छाडिदिने र कहिलेकाहीँ वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन। त्यसकारण डिसमिस संख्या न्युन रहेको देखिन्छ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ। अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्याङ्क सबै भन्दा कम रहेको देखिन्छ।

### ३.६ मालिका गाउँपालिका वडा नं ६ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्याङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ६ मा भएको सम्बन्ध विच्छेदको संख्या ३६जना देखाएको छ।

**तालिका-६**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्यांक | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | ६ | मगर-५ र क्षेत्री-१ | सम्बन्ध विच्छेद | मिलापत्र-६ |
| २. | २०७६ | ३ | मगर-१ गुरुङ-१ र दलित-१ | ” | मिलापत्र-३ |
| ३ | २०७७ | १ | मगर-१ | ” | फैसला-१ |
| ४. | २०७८ | ७ | मगर-४ ब्रह्मण-१ दलित-१ र नेवार-१ | सं. वि. | मिलापत्र-७ |
| ५ | २०७९ | ७ | गुरुङ-१ ब्रह्मण-१ मगर -४ र दलित – १ | सं.वि. | मिलापत्र-६ र डिसमिस-१ |
| ६. | २०८० | ५ | मगर-४ र दलित-१ | सं.वि. | मिलापत्र-२ र फैसला-३ |
| ७. | २०८१ | २ | दलित-२ | ” | मिलापत्र-२ |
| ८. | २०८२ | ५ | मगर -३,क्षेत्री-१ र ठकुरी-१ | ” | मिलापत्र-३, फैसला-१ र डिसमिस-१ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | ३६ | मगर-२२,दलित -६ र ब्राह्मण-२ नेवार-१ गुरुङ-२ क्षेत्री-२ ठकुरी-१ | | मिलापत्र-२९, फैसला-५ र डिसमिस-२ |

**स्रोत:म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं ६ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा ६

वटा ,२०७६ सालमा ३ वटा ,२०७७ सालमा १ वटा ,२०७८ सालमा ७ वटा ,२०७९ सालमा ७ वटा ,२०८० सालमा ५ वटा, २०८१ सालमा २ वटा र २०८२ सालमा ५ वटा गरी जम्मा ३६ वटा  सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्याङ्कले मालिका गाउँपालिका वडा नं ६ को  सम्बन्ध विच्छेद घटबढ भई मिश्रीत अवस्था देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई  विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु ३५ वटा भएको देखियो। जसमध्ये  मगर जातका-२० वटा  पहिलो स्थानमा सबै भन्दा बढी देखिए, दलित जातिमा ७ वटा दोस्रो स्थानमा,ब्राह्मण जातका -२ वटा,गुरुङ जातका-२ वटा र क्षेत्री जातका -२ वटा तेस्रो स्थानमा देखिएका छन् भने नेवार जातका -१ वटा र ठकुरी जातका -१ वटा देखिएको छन्। म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ६ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ति ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व पारिवारिक बेमेल नभई  वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ। मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात  ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ। मगर जातका मानिसहरुमा  डिपेन्डेन्ट भिषामा  विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो। यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ। सम्बन्ध विच्छेदको तथ्यांकबाट यसको दर बढ्दो क्रममा देखिन्छ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई  विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु ३५ वटा भएता पनि २९ वटा सम्बन्ध विच्छेदका  मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दा डिसमिस भएको र ५ वटा फैसला भएको देखिन्छ। यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि  मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने  पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी  तारिख नै छाडिदिने  र कहिलेकाहीँ वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन। त्यसकारण डिसमिस संख्या न्यून रहेको देखिन्छ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट  साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ। अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्याङ्क सबै भन्दा कम रहेको देखिन्छ।

## ३.७ मालिका गाउँपालिका वडा नं ७ को विश्लेषण

म्याग्दी जिल्ला अदालतबाट लिएको तथ्याङ्क अनुसार मिति २०७५ साल देखि २०८२ साल सम्म म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ७ मा भएको सम्बन्ध विच्छेदको संख्या २१जना देखाएको छ।

**तालिका-७**

| क्र.सं. | साल | बार्षिक तथ्यांक | जातिगत तथ्याङ्क | मुद्दा | किसिम |
|---|---|---|---|---|---|
| १. | २०७५ | १ | मगर-१ | सम्बन्ध विच्छेद | मिलापत्र-१ |
| २. | २०७६ | १ | मगर-१ | ” | मिलापत्र-१ |
| ३ | २०७७ | १ | मगर-१ | ” | मिलापत्र-१ |
| ४. | २०७८ | १ | मगर-१ | सं. वि. | मिलापत्र-१ |
| ५ | २०७९ | १ | मगर -१ | सं.वि. | मिलापत्र-१ |
| ६. | २०८० | ९ | मगर-७ दलित-१ र क्षेत्री-१ | सं.वि. | मिलापत्र-९ |
| ७. | २०८१ | ३ | ब्राह्मण-२ र मगर -१ | ” | फैसला-१, मिलापत्र-१ र डिसमिस-१ |
| ८. | २०८२ | ४ | मगर -३ र दलित -१ | ” | मिलापत्र-२,फैसला-१ र डिसमिस-१ |
| | जम्मा सम्बन्ध विच्छेद संख्या | २१ | मगर-१७,ब्राह्मण -२,दलित -१ र क्षेत्री-१ | | मिलापत्र-१७, फैसला-२ र डिसमिस-२ |

**स्रोतः म्याग्दी जिल्ला अदालत**

मालिका गाउँपालिका वडा नं ७ मा सम्बन्ध विच्छेद भएको संख्या र जातिगत संख्या र मुद्दा टुंगाउने किसिमले तालिकामा प्रस्तुत गरी विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु संख्यात्मक रुपमा २०७५ सालमा १ वटा, २०७८ साल १ वटा ,२०७६ सालमा १ वटा ,२०७७ सालमा १ वटा ,२०७८ सालमा १ वटा ,२०७९ सालमा १ वटा ,२०८० सालमा ९ वटा, २०८१ सालमा ३ वटा र २०८२ सालमा ४ वटा गरी जम्मा २१ वटा सम्बन्ध बिच्छेदका मुद्दाहरु दर्ता भएको देखियो। तथ्याङ्कले मालिका गाउँपालिका वडा नं ७ को सम्बन्ध विच्छेद २०७५ सालदेखि २०७९ सालसम्म तटस्थ रहेकोमा त्यसपछि बृद्धि भई घटबढ स्थिति देखिन्छ।

जातिगत रुपमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २१ वटा भएको देखियो। जसमध्ये मगर जातका-१७ वटा पहिलो स्थानमा सबै भन्दा बढी देखिए, ब्राह्मण-२ दोस्रो

स्थानमा,दलित जातिमा १ वटा र क्षेत्री जातका -१ वटा तेस्रो स्थानमा देखिएका छन् । म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं ७ मा अन्य जातका मानिसहरु भन्दा मगर जातका मानिसहरुको बस्ति ठूलो संख्यामा रहेको र सम्बन्ध विच्छेद गर्नुको प्रमुख कारक तत्व पारिवारिक बेमेल नभई वैदेशिक रोजगारमा जाने लहर बढी भएको हुँदा बढी सम्बन्ध विच्छेद भएको देखिएको छ । मगर जातका मानिसहरुमा ब्रिटिसमा भर्ति हुने कतिपय व्यक्तिहरु पेन्सन पश्चात ब्रिटिसमा नै बसोबास गरेकाले सो देशमा निजहरुका सन्तानहरु पनि विवाहित भएता पनि अविवाहित भएपछि मात्र बाबु वा आमालाई रेखदेख गर्ने निहुँमा यु.के.जान पाउने र उनीहरुको कार्ड पनि सजिलै बन्ने पछि पुन आफ्नो पति वा पत्नीसँग विवाह गरी पति वा पत्नी र छोराछोरीलाई पनि सो देशमा लैजान पाउने हुँदा उनीहरुको सम्बन्ध विच्छेद हुने गरेको देखिन्छ । मगर जातका मानिसहरुमा डिपेन्डेन्ट भिषामा विदेश जाने लहर पनि उत्तिकै महत्व राख्ने हुँदा यिनीहरुको सम्बन्ध विच्छेदको संख्या बढी देखिएको हो । यसको प्रभाव अन्य जातका मानिसमा पनि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा त्यसको असर परेको देखिन्छ । सम्बन्ध विच्छेदको तथ्याङ्कबाट यसको दर बढ्दो क्रममा देखिन्छ ।

मुद्दा टुंगाउने प्रकृतिको आधारमा तालिकामा प्रस्तुत गरिएका तथ्याङ्कलाई विश्लेषण गर्दा सम्बन्ध विच्छेदका घटनाहरु २१ वटा भएता पनि १७ वटा सम्बन्ध विच्छेदका मुद्दाहरुको मिलापत्र भएको,२ मुद्दा डिसमिस भएको र २ वटा फैसला भएको देखिन्छ । यसले अदालतमा भएका सम्बन्ध विच्छेदका मुद्दाहरु धेरै जसो पक्ष विपक्ष अदालतमै उपस्थित भई जुनसुकै प्रयोजनको लागि भएता पनि मिलेर मुद्दा टुंगाउने वा मिलापत्र गर्ने दर अत्याधिक देखिन्छ ।

डिसमिस गर्ने तर्फ विश्लेषण गर्दा मुद्दाका पक्षहरु तातो रिसमा अदालतमा आई मुद्दा दर्ता गर्ने पछि दुवै पक्षहरु मिलेर बस्ने वातावरण तय भई पक्षहरुले नै मुद्दाको वास्ता नगरी तारिख नै छाडिदिने र कहिले काँही वादी पक्षले तारिख नै छाडिदिने गर्दा मुद्दाहरु डिसमिस हुने गर्छन । त्यसकारण डिसमिस संख्या न्युन रहेको देखिन्छ ।

सम्मानित अदालतहरुले मुद्दाका पक्षहरुबाट साक्षी प्रमाणहरु बुझी सकेपछि फैसला हुन्छ । अदालतले कानुनी कार्यविधि भित्र रही प्रक्रिया पुरा गरी फैसला गर्नु पर्ने हुँदा यसको तथ्याङ्क सबै भन्दा कम रहेको देखिन्छ ।

## ३.८ निष्कर्ष

यसरी हेर्दा म्याग्दी जिल्ला अदालतमा मालिका गाउँपालिकाका वडा नं १ देखि वडा नं ७ का मिति २०७५ साल देखि २०८२ साल सम्म दर्ता भई टुंगिएका सम्बन्ध विच्छेदका मुद्दाहरुलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## मालिका गाउँपालिकाको सम्बन्ध विच्छेदको निष्कर्ष

### तालिका-८

| क्र.सं | विवरण | वडा नं १ | वडा नं २ | वडा नं ३ | वडा नं ४ | वडा नं ५ | वडा नं ६ | वडा नं ७ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | (मिति २०७५ -२०८२ सम्म) जम्मा सम्बन्ध विच्छेद संख्या | २१ | २३ | २३ | २९ | २८ | ३६ | २१ | १८१ |
| २. | मगर (जातिगत आधारमा) | १३ | १८ | १३ | १९ | २३ | २२ | १७ | १२५ |
| | दलित | ७ | ४ | ७ | १० | ४ | ६ | १ | ३९ |
| ३. | क्षेत्री | - | - | ३ | - | - | २ | १ | ६ |
| ४. | ब्राह्मण | १ | - | - | - | - | २ | २ | ५ |
| ५. | गुरुङ | - | - | - | - | - | २ | - | २ |
| ६. | नेवार | - | १ | - | - | - | १ | - | २ |
| ७. | ठकुरी | - | - | - | १ | - | १ | - | २ |
| ८. | मिलापत्र (निर्णयको आधारमा ) | १७ | २० | २२ | २९ | २४ | २९ | १७ | १५८ |
| ९. | फैसला | २ | १ | - | - | ३ | ५ | २ | १३ |
| १०. | डिसमिस | २ | २ | १ | - | १ | २ | २ | १० |

**स्रोत: म्याग्दी जिल्ला अदालत**

प्रस्तुत तालिका अनुसार मिति २०७५ साल देखि मिति २०८२ साल सम्ममा जम्मा १८१ वटा मुद्दाहरु दर्ता भएका र वडा अनुसार सबै भन्दा वढी मुद्दाहरु वडा नं ६ मा ३६ वटा र सबै भन्दा कम वडा नं १ र वडा नं ७ मा २१ वटा मुद्दाहरु टुंगिएको देखिएको छ। मालिका गाउँपालिकामा मगर,दलित,क्षेत्री, ब्राह्मण, गुरुङ, नेवार, ठकुरी आदि जातिको बसोबास रहेकोमा जातिगत आधारमा हेर्दा सबै भन्दा बढी मगरहरुले १५८ वटा मुद्दाहरु र दोस्रो स्थानमा दलितहरुको ३९ वटा मुद्दाहरु दर्ता भई टुंगिएको देखाइएको छ। यसरी सबै भन्दा कम गुरुङ, नेवार र ठकुरीहरुको मुद्दाहरु दर्ता भई टुंगिएको देखिन्छ। यसरी १५८ वटा मुद्दाहरु मिलापत्र भएका १३ वटा मुद्दाहरु फैसला भएका र १० वटा मुद्दा डिसमिस भएको देखाइएको छ।

# परिच्छेद – ४

## मालिका गाउँपालिकाका जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिकाका जनप्रतिनिधिहरुको लागि प्रस्तुत शीर्षकमा आधारित रहेर प्रश्नावली निर्माण गरिएको थियो। ती प्रश्नावलीहरुमा सम्पूर्ण जनप्रतिनिधिहरुले राखेका धारणाहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### ४.१ मालिका गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षको प्रश्नवली विश्लेषण

मालिका गाउँपालिकामा ७ वटा रहेका छन् । मालिका गाउँपालिकामा बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु परामर्श,आर्थिक,मानसिक, सामाजिक अवहेलना,अभिभावकीय निगरानी सबै रहेको देखियो । यस्ता बालबालिकाहरुको लागि पहिचान र सहयोगका निम्ति स्थानीय तहमा विशेष व्यवस्था रहेको देखियो । विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावरण न्यून भएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागि छात्रवृत्ति कार्यक्रम ल्याउनुपर्छ । समस्यामा रहेका बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोण सहयोगी रहेको र उनीहरुको प्रमुख जिम्मेवार परिवार,विद्यालय, समुदाय र स्थानीय सरकार हुनुपर्ने देखियो । प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका न्युन देखियो । प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो । समस्यामा परेका बालबालिकाहरुको आर्थिक समस्याहरु रहेका छन् । विद्यालय र स्थानीय सरकारले विशेष खालका कार्यक्रम ल्याइ परामर्शद्धारा समस्या समाधान हुने देखियो । प्रभावित बालबालिकाहरु आफन्त,माइति र अन्य घरमा आश्रीत रहेका देखियो। प्रभावित बालबालिकाहरुको लागि छात्रवृत्ति र शैक्षिक सामग्री वितरण कार्यक्रम संचालन भएको देखियो । बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो । विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने र मनोसामाजिक परामर्शको लागि सहमत रहेको देखिन्छ । प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि छात्रवृत्ति,जनचेतना जगाउने,आर्थिक उपार्जनको अवसर सृजना गर्ने वैदेशिक रोजगारलाई निरुत्साहित पार्ने जस्ता कार्यक्रम संचालन गर्नुपर्ने सुझाव समेत अध्यक्ष/उपाध्यक्षको प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ ।

### ४.२ वडा नं १ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं १ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधिका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु मध्ये वैदेशिक रोजगार तथा आर्थिक समस्या नै देखियो । सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या एकिन नभएको देखियो । बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाले सामना गरेको प्रमुख समस्यामा अभिभावकीय निगरानी नभएको,पहिचान तथा सहयोगका निम्ति स्थानीय तहमा विशेष व्यवस्था नभएको देखिएको छ । विद्यालय

र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावारण न्यून भएको र प्रभावित बालबालिकाहरु अन्य घरपरिवारमा बसोबास गरेका हुँदा आर्थिक,मानसिक, सामाजिक अपहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो। प्रभावित बालबालिकाहरुले आर्थिक विपन्न बर्गको रुपमा नागरिकले पाउने आर्थिक सहुलियत पाउन सक्ने भएता पनि सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको रुपमा कुनै आर्थिक सहुलियत नपाएको देखियो । स्थानीय तहले प्रभावित बालबालिकाहरुका लागि परामर्श,निगरानी ,सचेतना ,छात्रवृत्ति जस्ता कार्यक्रम ल्याउनुपर्ने देखिन्छ। उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सकरात्मक र नकरात्मक दुवै मिश्रीत किसिमको दृष्टीकोण देखिन्छ। उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने,प्रभावित बालबालिकाको शिक्षाको नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने,बुबा- आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो। विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने देखिन्छ। मनोवैज्ञानिक परामर्शको लागि तटस्थ रहेको र प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि शिक्षामा माध्यामिक तह सम्म पूर्ण छात्रबृत्तिको व्यवस्था हुनुपर्ने सुझाब समेत दिएका छन्। यस समस्याबाट प्रभावित बालबालिकाप्रति लक्षित गरेर विशेष खालका सहयोगी कार्यक्रम ल्याइनु आवश्यक छ भन्ने धारणा वडा न १ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

## ४.३ वडा नं २ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं २ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधिका अनुसार बाबु-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरुमध्ये शिक्षाको कमी देखियो। सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या २५-३० सम्म रहेको देखियो। प्रभावित बालबालिकाको शैक्षिक,सामाजिक र आर्थिक अवस्था मध्यम खालको रहेको पाइयो। बाबु-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाहरुले सामना गरेको प्रमुख समस्यामा अभिभावकीय निगरानी नभएको, पहिचान तथा सहयोगका निम्ति स्थानीय तहमा विशेष व्यवस्था न्यून रहेको छ। विद्यालय र स्थानीय तहका बीच समन्वयको वातावरण मध्यम खालको रहेको र प्रभावित बालबालिकाहरु आमा-बाबु दुवैको घरमा बसोबास गरेका देखिएता पनि शैक्षिक,आर्थिक र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो । प्रभावित बालबालिकाहरुको लागि शैक्षिक सुधार कार्यक्रम संचालन गरेको र स्थानीय तहले प्रभावित बालबालिकाहरुका लागि परामर्श,निगरानी,सचेतना,छात्रवृत्ति जस्ता कार्यक्रम ल्याउनुपर्ने देखिन्छ । उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सामान्य,सहयोगी,नकरात्मक र सकरात्मक दृष्टीकोण रहेको देखिन्छ । उनीहरुका लागि परिवार जिम्मेवार हुनुपर्ने, प्रभावित बालबालिकाको शिक्षाको नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने,बुबा- आमाको

सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षा नकरात्मक प्रभाव पर्ने  र लक्षित विशेष खालका ल्याउनु पर्नेमा पूर्ण सहमत रहेको देखियो । आर्थिक समस्या हुने हुँदा विद्यालयले पनि सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने देखिन्छ। मनोवैज्ञानिक परामर्शको लागि तटस्थ रहेको र प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि शिक्षामा पूर्ण छात्रवृत्तिको व्यवस्था हुनुपर्ने सुझाव समेत दिएका छन्। यस समस्याबाट प्रभावित बालबालिका प्रति लक्षित गरेर जनचेतना,छात्रवृत्ति, शैक्षिक सुधार,रोजगारी र सीपमूलक कार्यक्रम ल्याइनु आवश्यक छ भन्ने धारणा वडा न २ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

## ४.४ वडा नं ३ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं ३ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधीका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु मध्ये  आर्थिक समस्या नै देखियो। सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या १५ जना देखियो। बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाले सामना गरेको प्रमुख समस्यामा  पहिचान तथा सहयोगका निम्ति स्थानीय तहमा विशेष व्यवस्था भएको देखिएको छ। विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावारण राम्रो भएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागि परामर्श कार्यक्रम ल्याउनुपर्छ। समस्यामा रहेका बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोण सहयोगी र उनीहरुको प्रमुख जिम्मेवार परिवार,विद्यालय, समुदाय र स्थानीय सरकार हुनुपर्ने देखियो। प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका मध्यम खालको रहेको देखियो। प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो। समस्यामा परेका बालबालिकाहरु आर्थिक समस्यामा रहेका  छन। प्रभावित बालबालिकाहरु केही आमासँग मामाघरमा छन भने केही बाबु वा हजुरबा / हजुरआमाको घरमा आश्रीत रहेका छन्। परामर्श,आर्थिक, मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो। प्रभावित बालबालिकाहरुको लागि बालअधिकार कार्यक्रम सञ्चालन भएको देखियो। स्थानीय तहबाट  शैक्षिक संरक्षण एव् शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटने गरी पर्याप्त भूमिका रहनुपर्ने देखियो। स्थानीय तहले  प्रभावित बालबालिकाहरुका लागि बाल अधिकार र अभिभावकसँगको शैक्षिक व्यवस्थापन कार्यक्रम वार्षिक रुपमा संचालनमा आएको देखियो। उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सहयोगी किसिमको दृष्टीकोण देखिन्छ। उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने, बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो। विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने देखिन्छ। मनोवैज्ञानिक परामर्शको लागि सहमत

रहेको र प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि बाल अधिकार संरक्षण तथा शैक्षिक व्यवस्थापन कार्यक्रम टोल स्तरीय रुपमा गर्नुपर्ने सुझाब समेत वडा न ३ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

## ४.५ वडा नं ४ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं ४ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधीका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरुमध्ये वैदेशिक रोजगार र आर्थिक समस्या नै देखियो। सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या एकिन नभएको देखियो । बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाहरुले सामना गरेको प्रमुख समस्यामा आर्थिक, मानसिक,सामाजिक अवहेलना,अभिभावकीय निगरानी, पहिचान र सहयोगका निम्ति स्थानीय तहमा खासै व्यवस्था रहको देखिएन। विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावरण न्यून भएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागि परामर्श,निगरानी,सचेतना र छात्रवृत्ति कार्यक्रम ल्याउनुपर्छ। समस्यामा रहेका बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोण सामान्य र उनीहरुको प्रमुख जिम्मेवार परिवार,विद्यालय, समुदाय र स्थानीय सरकार हुनुपर्ने देखियो। प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका न्यून खालको रहेको देखियो। प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो। समस्यामा परेका बालबालिकाहरु आर्थिक समस्यामा रहेका छन। विद्यालय र स्थानीय सरकारले विशेष खालका कार्यक्रम ल्याइ परामर्शद्धारा समस्या समाधान हुने देखियो। प्रभावित बालबालिकाहरु केही आमासँग मामाघरमा छन भने केही बाबु वा हजुरबा / हजुरआमाको तथा अन्य घरमा आश्रीत रहेका छन्। परामर्श,आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो । उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सामान्य किसिमको दृष्टिकोण देखिन्छ । उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने,प्रभावित बालबालिकाको शिक्षाको नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने,बुबा- आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पूर्ण सहमत रहेको देखियो। विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने देखिन्छ। प्रभावित बालबालिकाहरुको लागि कुनै कार्यक्रम संचालन भएको देखिन। स्थानीय तहबाट शैक्षिक संरक्षण एव् शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटने गरी पर्याप्त भूमिका रहनुपर्ने देखियो। स्थानीय तहले प्रभावित बालबालिकाहरुका लागि कुनै पनि कार्यक्रम संचालनमा ल्याएको देखिएन। उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सामान्य किसिमको दृष्टीकोण देखिन्छ। उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने, बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा

पूर्ण सहमत रहेको देखियो । विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने देखिन्छ । मनोवैज्ञानिक परामर्शको लागि सहमत रहेको र प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि स्थानीय तहले प्रभावित बालबालिकाहरुका लागि शिक्षा,सचेतना मूलक र आर्थिक उन्नतिसम्बन्धी कार्यक्रम संचालन गर्नुपर्ने सुझाब समेत वडा न ४ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ ।

## ४.६ वडा नं ५ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं ५ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधीका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु मध्ये वैदेशिक रोजगार समस्या नै देखियो । सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या अनुमानित ९० जना देखियो । बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाले सामना गरेको प्रमुख समस्यामा आर्थिक,मानसिक,सामाजिक अवहेलना,अभिभावकीय निगरानी, पहिचान र सहयोगका निम्ति स्थानीय तहमा खासै व्यवस्था रहको देखिएन । विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावारण नभएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागि परामर्श,निगरानी,सचेतना र छात्रवृत्ति कार्यक्रम ल्याउनुपर्छ । समस्यामा रहेका बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोण मिश्रीत रहेको र उनीहरुको प्रमुख जिम्मेवार परिवार,विद्यालय, समुदाय र स्थानीय सरकार हुनुपर्ने देखियो । प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका न्यून देखियो । प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो । समस्यामा परेका बालबालिकाहरु आर्थिक समस्यामा रहेका छन् । विद्यालय र स्थानीय सरकारले विशेष खालका कार्यक्रम ल्याइ परामर्शद्धारा समस्या समाधान हुने देखियो । प्रभावित बालबालिकाहरु केहि आमासँग मामाघरमा छन भने केहि बाबु वा हजुरबा / हजुरआमाको घरमा आश्रीत रहेका देखियो । परामर्श,आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो । प्रभावित बालबालिकाहरुको लागि कुनै कार्यक्रम संचालन भएको देखिन । स्थानीय तहबाट शैक्षिक संरक्षण एव् शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटन अपर्याप्त भूमिका रहेको देखियो । उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सकरात्मक तथा नकरात्मक मिश्रीत किसिमको दृष्टिकोण देखिन्छ । उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने, बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो । विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने र मनोवैज्ञानिक परामर्शको लागि सहमत रहेको देखिन्छ । प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि

छात्रवृत्ति,मनोसामाजिक परामर्श,सचेतना,सीप मूलक तालिम जस्ता कार्यक्रम संचालन गर्नुपर्ने सुझाव समेत वडा न ५ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

## ४.७ वडा नं ६ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं ६ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधीका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु मध्ये वैदेशिक रोजगार र आर्थिक समस्या नै देखियो। सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या ३ जना देखियो। बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाले सामना गरेको प्रमुख समस्यामा आर्थिक,मानसिक,सामाजिक अवहेलना,अभिभावकीय निगरानी, पहिचान र सहयोगका निम्ति स्थानीय तहमा खासै व्यवस्था रहको देखिएन। विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावारण नभएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागत रहेको र उनिहरुको प्रमुख जिम्मेवार परिवार,विद्यालय, समुदाय र स्थानीय सरकार हुनुपर्ने देखियो । प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका न्युन देखियो । प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो । समस्यामा परेका बालबालिकाहरु आर्थिक समस्यामा रहेका छन। विद्यालय र स्थानीय सरकारले विशेष खालका कार्यक्रम ल्याइ परामर्शद्धारा समस्या समाधान हुने देखियो । प्रभावित बालबालिकाहरु हजुरबा / हजुरआमाको घर र अन्य घरपरिवारमा समेत रहेका देखियो। परामर्श,आर्थिक,मानसिक, सामाजिक अपहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो। प्रभावित बालबालिकाहरुको लागि कुनै कार्यक्रम संचालन भएको देखिन। स्थानीय तहबाट शैक्षिक संरक्षण एव् शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटन अपर्याप्त भूमिका रहेको देखियो । उनीहरुको सकरात्मक र नकरात्मक मिश्रित किसिमको देखिन्छ । उनीहरुका लागि परिवार,विद्यालय जिम्मेवार हुनुपर्ने, बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो। विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने र मनोवैज्ञानिक परामर्शको लागि सहमत रहेको देखिन्छ। प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि गुणस्तरिय शिक्षा सम्बन्धी व्यवस्था मिलाउनु पर्ने सुझाब समेत वडा न ६ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

## ४.८ वडा नं ७ का जनप्रतिनिधिहरुको प्रश्नावली विश्लेषण

मालिका गाउँपालिका वडा नं ७ मा १ जना वडा अध्यक्ष र ४ जना वडा सदस्यहरुलाई उपलब्ध गराइएको प्रश्नावलीमा उत्तरदाता जनप्रतिनिधिका अनुसार बुबा-आमाको सम्बन्ध विच्छेदका प्रमुख कारणहरु मध्ये वैदेशिक

रोजगार  र आर्थिक समस्या नै देखियो। सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या  ३ जना देखियो। बुबा-आमाको सम्बन्ध बिच्छेदबाट बालबालिकाले सामना गरेको प्रमुख समस्यामा मानसिक, पहिचान र सहयोगका निम्ति स्थानीय तहमा खासै व्यवस्था रहको देखिएन। विद्यालय र स्थानीय तहका बीचमा यस्ता बालबालिकाहरुको समन्वयको वातावारण नभएको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरुको लागि परामर्श,निगरानी,सचेतना र छात्रवृत्ति कार्यक्रम ल्याउनुपर्छ। समस्यामा रहेका बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोण सामान्य रहेको र उनिहरुको प्रमुख जिम्मेवार परिवार हुनुपर्ने देखियो। प्रभावित बालबालिकाको लागि स्थानीय सरकारको भूमिका  देखिएन। प्रभावित बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पार्नेमा पूर्ण सहमत रहेको पाइयो। समस्यामा परेका बालबालिकाहरु आर्थिक समस्यामा रहेका   छन। विद्यालय र स्थानीय सरकारले विशेष खालका कार्यक्रम ल्याइ परामर्शद्धारा समस्या समाधान हुने देखियो। प्रभावित बालबालिकाहरु हजुरबा / हजुरआमाको घर र अन्य घरपरिवारमा समेत  रहेका देखियो।  परामर्श,आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु प्रमुख समस्याको रुपमा रहेको देखियो। प्रभावित बालबालिकाहरुको लागि कुनै कार्यक्रम संचालन भएको देखिन। स्थानीय तहबाट  शैक्षिक संरक्षण एव् शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटन  अपर्याप्त भूमिका रहेको देखियो। उनीहरुलाई समाजले हेर्ने दृष्टिकोणमा सकरात्मक तथा नकरात्मक मिश्रीत किसिमको दृष्टीकोण देखिन्छ। उनीहरुका लागि परिवार,विद्यालय,समुदाय र स्थानीय सरकार जिम्मेवार हुनुपर्ने, बुबा-आमाको सम्बन्ध बिच्छेदले बालबालिकाको शिक्षामा नकरात्मक प्रभाव पर्ने कुरामा पुर्ण सहमत रहेको देखियो । विद्यालयले पनि सम्बन्ध विच्छेद प्रभावित बालबालिकाहरुलाई विशेष सहयोग पु-याउनुपर्ने र मनोवैज्ञानिक परामर्शको लागि सहमत रहेको देखिन्छ। प्रभावित बालबालिकाको उज्ज्वल भविष्यका लागि गुणस्तरिय शिक्षासम्बन्धी व्यवस्था मिलाउनु पर्ने  सुझाब समेत  वडा न ७ का वडा अध्यक्ष एवम् सदस्यहरुबाट प्रश्नावलीमार्फत जानकारी प्राप्त भएको छ।

**४.९ निष्कर्ष**

म्याग्दी जिल्ला मालिका गाउँपालिकाका अध्यक्ष,उपाध्यक्ष, वडा नं १ देखि वडा नं ७ सम्मका सम्पूर्ण वडा अध्यक्षहरु तथा वडा सदस्यहरुलाई प्रश्नावली भर्न लगाइ अध्यक्ष र उपाध्यक्षलाई सम्पूर्ण गाउँपालिकाको र वडा अध्यक्ष र सदस्यहरुलाई आ-आफ्नो वडाका मिति २०७५ साल देखि मिति २०८२ साल सम्म दर्ता भई टुंगिएका सम्बन्ध विच्छेदका मुद्दाहरु र ती सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाको संख्या एवं ती बालबालिकाको अवस्थाको जानकारी माग गरिएको थियो। आंशिक रुपमा मात्र तथ्याङ्क एवं अवस्था प्राप्त भएपछि थप स्पष्ट हुनको लागि मालिका गाउँपालिका भित्रका माध्यमिक  विद्यालयहरुमा नै पुगी तथ्याङ्क प्राप्त गरिएको थियो। मिलापत्रको आदेश खण्डमा समेत "प्रस्तुत मुद्दाको सम्बन्धित वडा कार्यालयमा जानकारी दिई" भन्ने वाक्यांश उल्लेख गरी म्याग्दी जिल्ला अदालत स्वयंले जानकारी दिने भएता पनि जिम्मेवार पदमा पदासिन

व्यक्तिहरुबाट आधिकारीक तथ्याङ्क उपलब्ध हुनु पर्नेमा सो हुन सकेन। वडामा दर्ता भए अनुरुपको तथ्याङ्कक र बालबालिकाको अवस्था प्राप्त हुन नसकेपछि विद्यालयमा नै जानुपर्ने र तथ्याङ्क संकलन गर्नु पर्ने अवस्था सृजना भयो।

# परिच्छेद -५

## विद्यालयहरुका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान

### ५.१ निस्कोट माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा ‘‘बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव’’ शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ। निस्कोट माध्यमिक विद्यालयका प्रधानध्यापकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरुमध्ये सामाजिक कारणले बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु बाबा र आमा, अन्य छरछिमेक आफन्तजनहरुसँग बसोबास गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित न्यून रहेको देखियो। प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिलेकाहीँ मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहीँ मात्र पुरा ल्याउने गरेको देखियो। उनीहरुले विद्यालयमा साथीहरुसँग मिलेर बस्ने गरेको र अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको देखियो। उनीहरुले शिक्षक प्रति आधारपूर्ण व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो। पारिवारिक वातावरण सामान्य रहेको र प्रभावित बालबालिकाहरुले आर्थिक,मानसिक, सामाजिक अपहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो। विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण कमजोर रहेको देखियो। स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि परामर्श,निगरानी, सचेतना र छात्रावृत्ति वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने र उनीहरुप्रति हाम्रो समाजको सामान्य,सहयोगी र नकरात्मकता सबैको मिश्रीत दृष्टिकोण रहेको पाइयो। सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा घट्दो क्रममा रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका न्युन रहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी सहमत भएको देखियो। मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा सहमत रहेको पाइयो

। बाबु-आमाको सम्बन्ध विच्छेद पछि  विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट निस्कोट माध्यामिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ३ जना पाइयो।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक,शैक्षिक र मनोसामाजिक रुपमा पूर्ण सहयोग प्रदान गरिरहेका छन् । यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता,एक्लोपन,उदासी,रिस सामान्य देखिने र शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी देखिएको छैन। यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड A+/A बाट विच्छेद पछि B+/B मा पुगेको देखाइएको छ । निस्कोट माध्यामिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता बालबालिकाको लागि छात्रवृत्ति र छात्रवास कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

## ५.२ राष्ट्रिय माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव" शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ। राष्ट्रिय माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये सामाजिक र आर्थिक कारणले बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु काका र छामा, बाबा , आमा,घर तर्फका बाजे / बजै, मावली तर्फका बाजे /बजैसँग बसोबास गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या ८ रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित न्यून रहेको देखियो । प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिलेकाहीँ मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहीँ मात्र पूरा ल्याउने गरेको देखियो। उनीहरुले विद्यालयमा साथीहरुसँग मिलेर बस्ने गरेको र कहिलेकाहीँ मात्र अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको देखियो। उनीहरुले शिक्षक प्रति सामान्य खालको व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो । पारिवारिक वातावरण सामान्य रहेको र प्रभावित बालबालिकाहरुले आर्थिक,मानसिक, सामाजिक अपहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो । विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण मध्यम रहेको देखियो। स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि परामर्श,निगरानी,सचेतना र छात्रवृत्ति वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको सबैको

मिश्रीत दृष्टिकोण रहेको पाइयो। सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा सामान्य रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका मध्यम रहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेका र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी पूर्ण सहमत भएको देखियो। मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा सहमत रहेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट राष्ट्रिय माध्यामिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ८ जना पाइयो।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक र मनोसामाजिक पूर्ण सहयोग प्राप्त भएता पनि शैक्षिक रुपमा आंशिक सहयोग प्रदान गरिरहेका छन। यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता,एक्लोपन,उदासी,रिस, शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य, शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी सामान्य देखिएको छ। यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड C+ बाट विच्छेद पछि C मा पुगेको देखाइएको छ। राष्ट्रिय माध्यामिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता बालबालिकाको लागि शैक्षिक प्रोत्साहनका कार्यक्रम,मनोपरामर्श साथै छात्रवृत्ति कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

## ५.३ अम्मरज्योति माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा “बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव” शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यामिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ। अमरज्योति माध्यमिक विद्यालयका शिक्षकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगारको लागि बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु बाबा र आमा, घर तर्फका बाजे / बज्यै,मावली तर्फका बाजे/बज्यै, दिदी र भिनाजुसँग बसोबास गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित न्यून रहेको देखियो। प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिलेकाहीँ मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहीँ मात्र पुरा ल्याउने गरेको देखियो। उनीहरुले विद्यालयमा साथीहरुसँग मिलेर बस्ने गरेको र अतिरिक्त

क्रियाकलापमा भाग लिने गरेको देखियो। उनीहरुले शिक्षक प्रति सामान्य खालको व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो। पारिवारिक वातावारण सामान्य रहेको र प्रभावित बालबालिकाहरुले आर्थिक ,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो। विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावारण नरहेको देखियो। स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि कुनै पनि विशेष कार्यक्रमहरु सञ्चालन नभएता पनि हाम्रो समाजको सामान्य, सहयोगी दृष्टिकोण रहेको पाइयो। सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा तटस्थ रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका नरहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी पूर्ण सहमत भएको देखियो। मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट अमरज्योति माध्यामिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ११ जना पाइयो।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक सहयोग नगरेता पनि,शैक्षिक र मनोसामाजिक रुपमा क्रमश पूर्ण र आंशिक सहयोग प्रदान गरिरहेका छन। यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता,एक्लोपन,उदासी,रिस, अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य, शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी सामान्य देखिने र शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशक र सरसफाई, अनुशासन र प्रश्न सोध्ने बानी धैरे देखिएको छ। यस्ता बालबालिकाहरुले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड तटस्थ रहेको देखाइएको छ। अमरज्योति माध्यामिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता बालबालिकाको लागि अभिभावकीय मूमिका निर्वाह गरी विद्यार्थीको मनस्थितिमा सुधार गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

## ५.४ ओखरबोट माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव एक अध्ययन" शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका

माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ । ओखरबोट माध्यमिक विद्यालयका शिक्षकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगार र आर्थिक समस्याबाट सम्बन्ध विच्छेद हुने गरेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु अन्य, बाबा , आमासँग बसोबास गरेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या ३ रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित नियमित नरहेको देखियो । प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिलेकाहीँ मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहीँ मात्र पूरा ल्याउने गरेको देखियो । उनीहरुले विद्यालयमा साथीहरुसँग मिलेर बस्ने नगरेको र कहिलेकाहीँ मात्र अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको देखियो । उनीहरुले शिक्षक प्रति सामान्य खालको व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो । पारिवारिक वातावारण प्रतिकूल रहेको र प्रभावित बालबालिकाहरुले आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो । विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण कमजोर रहेको देखियो । स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि अक्षयकोषबाट अलि अलि शैक्षिक सामग्रीहरु वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको सामान्य,सहयोगी र नकरात्मकता सबैको मिश्रीत दृष्टिकोण रहेको पाइयो । सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा घट्दो क्रममा रहेको पाइयो । उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका न्यून रहेको पाइयो । यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो । आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी पूर्ण सहमत भएको देखियो । मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट ओखरबोट माध्यामिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ३ जना पाइयो ।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक,शैक्षिक र मनोसामाजिक रुपमा आंशिक सहयोग प्राप्त गरिरहेका छन । यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता, शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य, शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी सामान्य देखिने र एक्लोपन,उदासी,रिस धैरै देखिएको छ । यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड B+/B बाट

विच्छेद पछि C+/C मा पुगेको देखाइएको छ । ओखरबोट माध्यामिक विद्यालयको  प्रधानध्यापक तथा शिक्षकहरुबाट  यस्ता बालबालिकाको उज्वल भविष्यका लागि आवास सहितको अध्ययनको व्यवस्था मिलाउनु पर्छ भनी  सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ ।

## ५.५  गौ बम बस्त माध्यमिक  विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा “बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव” शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यामिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ । गौ बम बस्त माध्यमिक विद्यालयका प्रधानाध्यापकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगार र आर्थिक समस्याबाट सम्बन्ध विच्छेद हुने गरेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु बाबासँग बसोबास गरेको पाइयो ।  बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र उनको विद्यालयमा उपस्थित नियमित  न्युन रहेको देखियो । प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिले काँही मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहा मात्र पुरा ल्याउने गरेको देखियो । उनी विद्यालयमा साथीहरुसँग मिलेर बस्ने गरेको र अतिरिक्त क्रियाकलापमा भाग लिने नगरेको देखियो । उनले शिक्षकलाई वास्ता नगरेको र विद्यालयले उनलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो । पारिवारिक वातावरण प्रतिकूल रहेको र उनले आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो । विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण कमजोर रहेको देखियो । स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि अक्षयकोषबाट अलि अलि शैक्षिक सामग्रीहरु वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको  नकरात्मकता दृष्टिकोण रहेको पाइयो । सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा घट्दो क्रममा रहेको पाइयो । उनको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका न्यून रहेको पाइयो । यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो । आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी पूर्ण सहमत भएको देखियो । मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित  गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत बालबालिकाको व्यक्तिगत विवरणबाट  गौ बम बस्त माध्यमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीको संख्या १ जना पाइयो ।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक,शैक्षिक र मनोसामाजिक रुपमा आंशिक सहयोग प्राप्त गरिरहेका छन। यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता, शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य, शिक्षकसँग समन्वय,अनुशासन र प्रश्न सोध्ने बानी सामान्य देखिएको छ । यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड B+/B बाट विच्छेद पछि C+/C मा पुगेको देखाइएको छ। गौ बम बस्त माध्यमिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता बालबालिकाको उज्वल भविष्यका लागि आर्थिक र शैक्षिक विकासको लागि सहयोगको अपेक्षा गरेको सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

## ५.६ जनप्रिय माध्यमिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव" शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ। जनप्रिय मा.वि.का प्रधानाध्यापकले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगार र आर्थिकको लागि बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु अर्को बाबा,आमा र मावलीमा बसोबास गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित नियमित नरहेको देखियो। प्रभावित बालबालिकाहरुले विद्यालयमा शैक्षिक सामग्रीहरु पूरा ल्याउने नगरेता पनि गृहकार्य गर्ने,अतिरिक्त क्रियाकलापमा भाग लिने र साथीहरुसँग मिलेर बस्ने गरेको पाइयो । उनीहरुले शिक्षक प्रति आदारपूर्ण व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई आर्थिक र भावनात्मक सहयोग गर्ने गरेको पाइयो। पारिवारिक वातावरण सामान्य रहेको र प्रभावित बालबालिकाहरुमा अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो। विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण कमजोर रहेको देखियो। स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि परामर्श,निगरानी,सचेतना र छात्रावृत्ति वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको मिश्रीत दृष्टिकोण रहेको पाइयो। सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा घट्दो क्रममा रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका न्यून रहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव तटस्थ रहेता पनि विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी

सहमत भएको देखियो । मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट श्री जनप्रिय माध्यमिक विद्यालय दरवाङमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ९ जना पाइयो ।

यस्ता बालबालिकालाई विद्यालयले आर्थिक, शैक्षिक र मनोसामाजिक रुपमा आंशिक सहयोग प्रदान गरिरहेका छन । यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता,एक्लोपन,उदासी, रिस,अन्तरक्रिया, अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप, शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी र गृहकार्य सामान्य देखिने र शिक्षक र साथीहरुसँग घुलमिल उस्तै रहेको देखिएको छ । यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेडबाट विच्छेद पछि ल्याउने ग्रेड एकिन तथ्याङ्क प्रस्तुत नगरेता पनि घढदो क्रममा रहेको स्वीकार गरिएको छ । जनप्रिय माध्यमिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता बालबालिकाको उज्वल भविष्यका लागि परामर्श र छात्रवृत्ति कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ ।

## ५.७ के.वि. एकेडेमी एण्ड बोर्डिङ स्कुलका प्रश्नावली विश्लेषण र बालबालिकाको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव" शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रिन्सिपल/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ । के.वि. एकेडेमी एण्ड बोर्डिङ स्कुलका प्रिन्सिपलले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगारको लागि बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु मामासँग बसोबास गरेको भएता पनि हाल विद्यालयको होस्टेलमा रहदै बस्दै आएको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित नियमित रहेको देखियो । प्रभावित बालबालिकाहरुले विद्यालयमा शैक्षिक सामग्रीहरु पुरा ल्याउने, गृहकार्य गर्ने,अतिरिक्त क्रियाकलापमा भाग लिने र साथीहरुसँग मिलेर बस्ने गरेको पाइयो । उनीहरुले शिक्षक प्रति आदारपूर्ण व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई आर्थिक सहयोग गर्ने गरेको पाइयो । पारिवारिक वातावारण सामान्य रहेको र प्रभावित बालबालिकाहरुमा अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो । विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण मध्यम रहेको देखियो । स्थानीय तहले समस्यामा

रहेका बालबालिकाको लागि परामर्श,निगरानी,सचेतना र छात्रावृत्ति वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको सहयोगी दृष्टिकोण रहेको पाइयो । सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा सामन्य रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका मध्यम रहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र विच्छेदले शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने र विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी पूर्ण सहमत भएको देखियो । मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट श्री के.वि. एकेडेमी एण्ड बोडिङ स्कुल दरवाङमा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ४ जना रहेको पाइयो।

यस्ता बालबालिकालाई विद्यालयले शैक्षिक र मनोसामाजिक रुपमा पूर्ण सहयोग प्रदान गर्ने र आर्थिक रुपमा आंशिक सहयोग प्रदान गरिरहेका छन । यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता धैरै देखिएता पनि एक्लोपन,उदासी,रिस, आक्रमकता र हिनताबोध नदेखिने र शिक्षक र साथीहरुसँग घुलमिल उस्तै रहेको देखिएको छ। यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड A+ बाट विच्छेद पछि ल्याउने ग्रेड A+ एकिन तथ्यांक प्रस्तुत नगरेता पनि सामन्य रहेको स्वीकार गरिएको छ। के.वि. एकेडेमी एण्ड बोडिङ स्कुलको प्रधानध्यापकबाट यस्ता बालबालिकाको उज्वल भविष्यका लागि सचेतना, परामर्श र छात्रवृत्ति कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाब समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

## ५.८ दरवाङ इङ्लिस बोर्डिङ स्कुलका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव" शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रिन्सिपल/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ। दरवाङ इङ्लिस बोडिङ स्कुलको प्रिन्सिपलले दिएको विवरण अनुसार सो विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये अशिक्षित भएकाले सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु आमासँग बसोबास गरेको भएता पनि खर्च बाबुले पठाउने गरेका पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या

१ जना रहेको र उनको विद्यालयमा उपस्थित नियमित रहेको देखियो । उनले विद्यालयमा शैक्षिक सामग्रीहरु कहिलेकाहीँ ल्याउने, गृहकार्य गर्ने,अतिरिक्त क्रियाकलापमा भाग लिने र साथीहरुसँग मिलेर बस्ने गरेको पाइयो । उनीहरुले शिक्षक प्रति आदारपूर्ण व्यवहार गर्ने गरेको र विद्यालयले उनलाई आर्थिक सहयोग गर्ने गरेको पाइएन । पारिवारिक वातावारण सामान्य रहेको र निजमा अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो । विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावारण नभएको पाइयो । स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि परामर्श जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको नकरात्मक दृष्टिकोण रहेको पाइयो । सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा सामन्य रहेको पाइयो । उनिहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका नरहेको पाइयो । यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा न्यून सहमत रहेको र विच्छेदले शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो । आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने र विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी सहमत भएको देखियो । मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा पूर्ण सहमत रहेको पाइयो । बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत बालबालिकाहरुको व्यक्तिगत विवरणबाट श्री दरवाङ इङ्लिस बोडिङ स्कुल दरवाङमा अध्ययन गर्ने बालकको संख्या १ जना रहेको पाइयो ।

यस्ता बालबालिकालाई विद्यालयले सचेतनामूलक कार्यक्रम गरेका छन् । यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता धेरै देखिएता पनि एक्लोपन,उदासी,रिस, आक्रमकता र हिनताबोध नदेखिने र शिक्षक र साथीहरुसँग घुलमिल उस्तै रहेको देखिएको छ । यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड B+ बाट विच्छेद पछि ल्याउने ग्रेड B+ एकिन तथ्याङ्क प्रस्तुत नगरेता पनि सामन्य रहेको स्वीकार गरिएको छ । दरवाङ इङ्लिस बोडिङ स्कुलका प्रिन्सिपलबाट यस्ता बालबालिकाको उज्ववल भविष्यका लागि सचेतना कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ ।

## ५.९ किसानी माध्यामिक विद्यालयका प्रश्नावली विश्लेषण र बालबालिकाहरुको पहिचान

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा ‘‘बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव’’ शीर्षकको शोध अनुसन्धान सम्पन्न गर्नका लागि मालिका गाउँपालिका भित्र रहेका माध्यमिक विद्यालयहरुमा प्रश्नावली भर्न लगाई प्रश्नावलीमा सम्बन्धित विद्यालयका प्रधानध्यापक/ शिक्षकहरुबाट उपलब्ध विवरणलाई आधार मानी विश्लेषण गरिएको छ । किसानी मा.वि. की शिक्षकले दिएको विवरण अनुसार सो

विद्यालयको सेवा क्षेत्र भित्र सम्बन्ध विच्छेदका कारणहरु मध्ये वैदेशिक रोजगारको लागि बढी सम्बन्ध विच्छेद हुने गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात बालबालिकाहरु बाबा र कान्छी आमा, मावली तर्फका हजुरबाबु/हजुरआमा, घर तर्फका हजुरबाबु / हजुर आमाको घरमा,दिदी र भिनाजुसँग बसोबास गरेको पाइयो। बाबु-आमाको सम्बन्ध विच्छेद पश्चात पढ्दै गरेका बालबालिकाहरुको संख्या कम रहेको र ती बालबालिकाहरुको विद्यालयमा उपस्थित न्यून रहेको देखियो। प्रभावित बालबालिकाहरुले विद्यालयमा कहिलेकाहीँ मात्र गृहकार्य गर्ने गरेको र शैक्षिक सामग्रीहरु पनि कहिलेकाहीँ मात्र पुरा ल्याउने गरेको देखियो। उनिहरुले विद्यालयमा साथीहरुसँग मिलेर बस्ने गरेको र कहिलेकाहीँ मात्र अतिरिक्त क्रियाकलापमा भाग लिने गरेको देखियो। उनीहरुले शिक्षक प्रति सामान्य खालको व्यवहार गर्ने गरेको र विद्यालयले प्रभावित बालबालिकाहरुलाई भावनात्मक सहयोग गर्ने गरेको पाइयो। पारिवारिक वातावरण सामान्य रहेको र प्रभावित बालबालिकाहरुले आर्थिक,मानसिक, सामाजिक अवहेलना र अभिभावकीय निगरानी नहुनु जस्ता प्रमुख समस्या झेलेको देखियो। विद्यालय र स्थानीय तहका यस्ता बालबालिकाहरुको समन्वयको वातावरण कमजोर रहेको देखियो। स्थानीय तहले समस्यामा रहेका बालबालिकाको लागि परामर्श,निगरानी,सचेतना र छात्रावृत्ति वितरण जस्ता कार्यक्रमहरु सञ्चालन गरेता पनि हाम्रो समाजको सामान्य,सहयोगी र नकरात्मकता सबैको मिश्रीत दृष्टिकोण रहेको पाइयो। सम्बन्ध विच्छेद हुनु भन्दा पूर्व र सम्बन्ध विच्छेद पश्चात सिकाइ उपलब्धि र नतिजा घट्दो क्रममा रहेको पाइयो। उनीहरुको शैक्षिक संरक्षणको निम्ति स्थानीय सरकारको भूमिका अपर्याप्त रहेको पाइयो। यस्ता बालबालिकाहरुको लागि शिक्षा नीति निर्माण तहमा फरक ढंगले समेटनु पर्ने कुरामा पूर्ण रुपमा सहमत रहेको र शिक्षामा नकरात्मक प्रभाव पार्ने कुरामा पूर्ण सहमत रहेको पाइयो। आर्थिक समस्याले बालबालिकाहरु माथि यस्ता प्रभाव बढाउने हुँदा विद्यालयले विशेष सहयोग पु-याउनुपर्छ भनी सहमत भएको देखियो। मनोसामाजिक परामर्शले लक्षित समस्याको समाधानमा सहयोग पु-याउने कुरामा पूर्ण सहमत रहेको र स्थानीय तहले समस्यामा रहेका बालबालिकाहरु प्रति लक्षित गरेर विशेष खालका कार्यक्रम ल्याउन आवश्यक रहेको कुरामा सहमत रहेको पाइयो।

बाबु-आमाको सम्बन्ध विच्छेद पछि विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको व्यक्तिगत विवरणबाट श्री किसानी माध्यामिक विद्यालय बिममा अध्ययन गर्ने विद्यार्थीहरुको संख्या ९ जना पाइयो। यस्ता बालबालिकालाई विद्यालयले आर्थिक,शैक्षिक र मनोसामाजिक रुपमा आंशिक सहयोग प्रदान गरिरहेका छन। यस्ता बालबालिकाहरुले देखाउने भावनात्मक तथा व्यवहारिक लक्षणहरु जस्तै कक्षाकोठामा ध्यान र एकाग्रता,एक्लोपन,उदासी,रिस, शिक्षक र साथीहरुसँग घुलमिल,अन्तरक्रिया,अध्ययन सामग्री,विद्यालय पोशाक र सरसफाई, अतिरिक्त क्रियाकलाप र गृहकार्य सामान्य देखिने र शिक्षकसँग समन्वय, अनुशासन र प्रश्न सोध्ने बानी देखिएको छैन। यस्ता बालबालिकाले बाबु-आमाको सम्बन्ध विच्छेद हुनु अघि ल्याउने ग्रेड B+/B बाट विच्छेद पछि C+/C मा पुगेको देखाइएको छ। किसान माध्यामिक विद्यालयको प्रधानध्यापक तथा शिक्षकहरुबाट यस्ता

बालबालिकाको लागि शैक्षिक,मानसिक साथै आर्थिक कार्यक्रम तर्जुमा गर्नु पर्ने सुझाव समेत प्रश्नावली मार्फत जानकारी प्राप्त भएको छ।

**५.१० निष्कर्ष**

निस्कोट मा.वि., राष्ट्रिय मा.वि.,श्री अम्मर ज्योति मा.वि., ओखरबोट मा.वि. सिद्धार्थ मा.वि., गौ बम बस्त मा.वि.,जनप्रिय मा.वि., के.वि. एकेडेमी एण्ड बोर्डिङ स्कुल, दरवाङ इङलिस बोर्डिङ स्कुल र किसानी मा.वि. रहेका छन्। यी सबै माध्यामिक विद्यालयहरुमा सम्बन्ध विच्छेदबाट प्रभावित बालबालिकाहरु र तिनीहरुका बाबु-आमा तथा संरक्षकको पहिचानको लागि प्रश्नावली तयार पारी पठाइएकोमा निस्कोट मा.वि.मा हाम्रो अनुसन्धानको सिमा भित्र पर्ने विद्यार्थीहरु नदेखिएको,राष्ट्रिय मा.वि.मा ८ जना विद्यार्थीहरु रहेकोमा १ जना विद्यार्थी हाम्रो अनुसन्धानको सीमा भित्र पर्दैनन्। अमरज्योति मा.वि.मा १२ जना विद्यार्थीहरु रहेकोमा २ जना विद्यार्थीहरु हाम्रो अनुसन्धानको सीमा भित्र पर्दैनन्। सिद्धार्थ मा.वि.मा खासै विद्यार्थीहरु पनि नभएको भन्ने फोन मार्फत जानकारी प्राप्त भएको तर प्रश्नावली फारम भरी उपलब्ध समेत नगराइएको कारण त्यहाँका विद्यार्थीहरुको अध्ययन गर्न सकिएन। जनप्रिय मा.वि. का ९ जना विद्यार्थीहरु मध्ये ३ जना विद्यार्थीहरु हाम्रो अनुसन्धानको सीमा भित्र नपरेता पनि बाँकी ६ जना विद्यार्थीहरु सीमा भित्र पर्दछन्। दरवाङ इङलिस बोडिङ स्कुलमा कक्षा ४ मा पढ्ने १ जना विद्यार्थी समेत हाम्रो सीमाभित्र परेन। के.वि. एकेडेमी एण्ड बोर्डिङ स्कुलमा ४ जना विद्यार्थीहरु रहेकोमा १ जना विद्यार्थी प्रस्तुत अध्ययनको सीमाभित्र पर्ने देखिन्छ।

# परिच्छेद -६

## मालिका गाउँपालिकाका अभिभावकहरुको प्रश्नावली विश्लेषण

### ६.१ मालिका गाउँपालिकाका अभिभावकहरुको प्रश्नावलीको विश्लेषण

**तालिका-१**

| क्र.सं | बालबालिकाको अभिभावक | अभिभावकको पेसा/आम्दानी | प्रभावित बालबालिका संख्या | बालबालिकाको उमेर/लिंग | विद्यालयको भूमिका | स्थानीय तहको भूमिका |
|---|---|---|---|---|---|---|
| १. | बाबा | कृषि तथा वैदेशिक रोजगार | १ | ११ वर्ष छोरा | छैन | छैन |
| २. | आमा | कृषि | २ | ११ र १३ वर्ष छोरी | ” | ” |
| ३. | अन्य | ” | १ | १३ वर्षको छोरा | सँस्था द्वारा सहयोग | ” |
| ४. | आमा | ” | १ | १६ वर्षका छोरा | ” | ” |
| ५. | बाबा | ” | १ | १२ वर्षका छोरा | ” | ” |
| ६. | आमा | जागिर | १ | १३ वर्षका छोरा | ” | ” |
| ७. | अन्य | ” | १ | १२ वर्षकी छोरी | विद्यालय | ” |
| ८. | आमा | व्यवसाय | १ | १३ वर्षकी छोरी | छैन | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९ | बाबा | कृषि तथा वैदेशिक रोजगारी | १ | ११ वर्षका छोरा | ” | ” |
| १०. | ” | कृषि र व्यवसाय | १ | १२ वर्षका छोरा | ” | ” |

**स्रोत- अभिभावकहरुले भरेको प्रश्नावली**

प्रस्तुत तालिकाबाट १० जना अभिभावकहरुको अध्ययन गरिएकोमा ४ जना बाबु,४ जना आमा र २ जना अन्य संरक्षक रहेकाले बाबु – आमाको समान सहभागिता देखाएको छ। यहाँ प्रत्येक परिवारमा १ जना र क्र.सं २ मा रहेको परिवारमा २ जना बालबालिकाहरु समस्यामा रहेका छन्। यसरी १० वटा परिवारमा ११ जना प्रभावित बालबालिका रहेका देखाएको छ।

हिमाली दुर्गम म्याग्दी जिल्ला अन्तर्गत पर्ने मालिका गाउँपालिकाको ग्रामिण अभिभावकहरुको आम्दानीको स्रोतहरु २ जना कृषि तथा वैदेशिक रोजगार,२ जना जागिर,१ जना व्यापार,५ जना कृषि र १ जना कृषि र व्यावसाय रहेको देखियो।

बालबालिकाहरुको उमेर आधारमा ११ वर्षका ३ जना,१२ वर्षका ३ जना,१३ वर्षका ४ जना र १६ वर्षका १ गरी जम्मा ११ जना माध्यमिक विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरु रहका छन। लिंगका आधारमा ८ जना छोराहरु र ३ जना छोरीहरु रहेका देखिएको छ।

विद्यालयको भूमिका अध्ययन गर्दा १० वटा परिवार मध्ये ७ वटा परिवारका बालबालिकाहरुलाई कुनै सहयोग नगरेको पाइयो भने क्र.सं ३ र ४ उल्लेखित बालबालिकाहरुलाई संस्थाले सहयोग गरी पढाइ रहेको र क्र.सं ७ मा उल्लेखित बालबालिकालाई मात्र विद्यालयले सहयोगीको भूमिका खेलेको पाइयो। यसरी प्रभावित बालबालिकाहरुलाई विद्यालयबाट प्राप्त हुनुपर्ने सहयोगको भूमिका न्युन रहेको पाइयो।

स्थानीय तहको भूमिकाको अध्ययन गर्दा प्रभावित बालबालिकाहरुलाई कुनै  किसिमको भूमिका निर्वाह नगरेको पाइयो। यसले के देखाउछ भने  स्थानीय सरकारले प्रभावित बालबालिकाहरुलाई विशेष खालका नीति र कार्यक्रम ल्याई सहयोग गर्नु पर्ने देखिन्छ।

## ६.२ निष्कर्ष तथा सुझाव

माथिको तालिकालाई समग्रमा विश्लेषण गर्दा मालिका गाउँपालिकाका ११ जना बालबालिकाहरु कुनै न कुनै रुपमा प्रभावित भएको देखियो। धैरै जसो अभिभावकहरु कृषि र वैदेशिक रोजगारमा आश्रीत रहनु परेको छ। विद्यालयको भूमिका न्यून रहेको र स्थानीय सरकारको भूमिका शुन्य हुनु चिन्ताको विषय हो। तथ्याङ्कले देखाए अनुसार प्रभावित बालबालिकाहरुको उज्वल भविष्यका लागि शिक्षा,संरक्षण र वृत्ति विकासका लागि तत्काल विशेष योजना  र सहयोगका कार्यक्रमहरु ल्याई लागू गर्नु पर्ने आवश्यकता रहेको छ।

## ६.३ अभिभावक/संरक्षकले भरेको प्रश्नावलीको विश्लेषण

**तालिका-२**

| क्र.सं | विद्यालय जान मन | गृह कार्य | शैक्षिक प्रभाव | नतिजा | फर्सदको समयमा | संवेगात्मक व्यवहार |
|---|---|---|---|---|---|---|
| १. | गर्छ | गर्छ | कमजोर | उस्तै | घरायसी काम | रिसाउने |
| २. | गर्छन् | गर्छन् | सुधारात्मक | राम्रो | ” | सामान्य |
| ३. | गर्छ | गर्छ | कमजोर | उस्तै | ” | ” |
| ४. | ” | ” | सुधारात्मक | राम्रो | ” | ” |
| ५. | ” | ” | ” | ” | ” | ” |
| ६. | ” | ” | ” | ” | ” | ” |
| ७. | ” | ” | राम्रो | ” | ” | ” |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | ” | ” | सुधारात्मक | सुधारात्मक | ” | ” |
| ९. | ” | ” | कमजोर | उस्तै | ” | ” |
| १०. | ” | ” | सुधारात्मक | कमजोर | ” | ” |

प्रस्तुत तालिकालाई विश्लेषण गर्दा १० वटा परिवारका ११ जना बालबालिकाहरु नियमित रुपमा विद्यालय जाने र गृहकार्य गर्ने गरेको पाइयो। शैक्षिक अवस्था समेत सुधारात्मक देखिएको र नतिजा पनि राम्रो देखिएको छ। क्र.सं १ , क्र.सं ३ र क्र.सं ९ का बालबालिकाहरुले विद्यालय जाने र गृहकार्य गरेता पनि पढाइमा खासै सुधार नभई पहिला पनि कमजोर भई राम्रो नतिजा ल्याउन नसकेका र अहिले पनि नतिजा उस्तै रहेको देखिएको छ। क्र.सं ७ को बालबालिका शुरु देखि नै राम्रो भएको र अहिले पनि राम्रै रहेको देखिन्छ। फुर्सदको समयमा सबै बालबालिकाहरु घरायसी काममा व्यस्त रहने गरेका र क्र.सं १ बाहेक अन्य सबै बालबालिका सामान्य रहेका र क्र.सं १ मा उल्लेखित अलि रिसाउने देखिएको हुँदा निजलाई परामर्शदाताको आवश्यकता रहेको देखियो। क्र.सं १ ,३,९ र १० को शैक्षिक प्रभाव र नतिजा कमजोर देखिएको छ।

### ६.४ निष्कर्ष तथा सुझाव

प्रस्तुत तालिका आफ्नै अभिभावक/ संरक्षक भएको हुँदा आफ्ना संरक्षणमा रहेका बालबालिकाहरुलाई राम्रो भनेको पाइयो। क्र.सं १,३,९ र १० का बालबालिकालाई शिक्षा सम्बन्धी परामर्शको आवश्यकता रहेको पाइयो।

## ६.५ अभिभावकहरुको अवलोकनकर्ताले अन्तर्वार्ताको क्रममा पाएको विवरण र विश्लेषण

**तालिका-३**

| क्र.सं | पोशाक | शारीरिक सफाई | बोली चाली | स्वास्थ्य | स्वभाव | संवेगात्मक अवस्था | आँखाको सम्पर्क | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | सफा | सामान्य | प्रस्ट | फुर्तिलो | शंकोच | माया | छैन | |
| २. | ठीकै | राम्रो | ” | कमजोर | असहज | ” | छ | |
| ३. | सफा | ” | ” | फुर्तिलो | ” | दया | छैन | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४. | ” | ” | ” | ” | छटपटी | ” | ” | |
| ५. | ” | सामान्य | ” | ” | निर्धक्क | आँसु | छ | |
| ६. | ” | सफा | ” | मोटो | डर | लाजशरम | छैन | |
| ७. | ” | राम्रो | ” | फुर्तिलो | निर्धक्क | माया | छ | |
| ८. | ” | राम्रो | ” | ” | रुन्चे | आँसु | छैन | |
| ९. | मैलो | फोहोरी | अस्पष्ट | दुब्लो | डर | ” | ” | |
| १०. | साधारण | ” | ठीकै | ठीकै | बढी बोल्ने | रिस | ” | |

प्रस्तुत तालिकाको विश्लेषण गर्दा अभिभावकहरुलाई विद्यालयमा बोलाइएको हुँदा क्र.सं २,९ र १० का अभिभावक बाहेक अरु सबै अभिभावकको पोशाक सफा रहेको देखियो। क्र.सं २ को पोशाक ठीकै देखिएको भएता पनि क्र.सं ९ को पोशाक मैलो देखिन्छ। क्र.सं १० को अभिभावकको पोशाक सामान्य रहेको देखियो।

अभिभावकहरुको शारीरिक सफाइलाई विश्लेषण गर्दा क्र.सं १ र ५ का अभिभावक सामान्य रहेका र क्र.सं ९ र १० का अभिभावक फोहोरी रहेका देखिन्छन। अरु सबै अभिभावकहरु सफा रहेको तालिकाले देखाएको छ।

बोलीचालीलाई विश्लेषण गर्दा क्र.सं ९ का अभिभावक अस्पष्ट र क्र.सं १० का अभिभावक ठीकै भएता पनि अरु सबै प्रस्ट बोल्ने देखियो।

अभिभावकहरुको स्वास्थ्यसम्बन्धी कुराहरुको विश्लेषण गर्दा क्र.सं २ कमजोर,क्र.सं ९ दुब्लो र क्र.सं १० ठीकै रहेका देखिन्छ। अरु सबै अभिभावकहरु गाउँमा बस्ने काम गर्ने भएकाले फुर्तिला देखिन्छन्।

अभिभावकहरुको स्वभावका दृष्टिले विश्लेषण गर्दा क्र.सं १ का अभिभावक शंकोच मान्ने ,क्र.सं २ र ३ का अभिभावक असहज महशुस गर्ने,क्र.सं ४ का अभिभावकमा छटपटी गर्ने,क्र.सं ५ र ७ का अभिभावक निर्धक्क हुने,क्र.सं ६ र ९ का अभिभावकमा डरको भाव र क्र.सं १० का अभिभावक बढी बोल्ने गरेको पाइयो।

अभिभावकहरुको संवेगात्मक अवस्थालाई विश्लेषण गर्दा क्र.सं १,२ र ७ का अभिभावकहरुमा मायाको भाव देखियो। क्र.सं ३ र ४ का अभिभावकहरुमा दयाको भाव देखियो। क्र.सं ५,८ र ९ का अभिभावकहरुको आँखामा आँसु देखियो। क्र.सं ६ का अभिभावकमा लाजशरमको भाव देखियो। क्र.सं १० का अभिभावकमा रिसको भाव देखियो।

अभिभावकहरुको आँखाका सम्पर्कका दृष्टिकोणले विश्लेषण गर्दा क्र.सं १,३,४,६,८,९ र १० का अभिभावकहरुको आँखा जुधाएर कुरा गर्न नसकेको र क्र.सं २,५ र ७ का अभिभावकहरुले मात्र आँखा जुधाएर कुराकानी गरेको पाइयो।

### ६.६ निष्कर्ष तथा सुझाव

धेरै जसो अभिभावकहरुको पोशाक, बोलीचाली, शारीरिक सफाई र स्वास्थ्य अवस्था राम्रो र सबल देखिएता पनि स्वभाव र संवेगात्मक अवस्था कमजोर देखिन्छ। प्राय जसोमा डर, असहजता, लाजशरम, शंकोच र आँसु जस्ता भावहरु देखा परे। अभिभावकहरुले आँखा जुधाउन नसक्नु भनेको डर वा शंकोच देखिनु र आत्म विश्वासको कमी हुनु हो। यस्ता समस्याले मानसिक र सामाजिक दवाबको संकेत गर्दछ। प्रस्तुत तालिकाको क्र.सं ९ मा रहेका अभिभावकको अवस्थालाई हेर्दा उनलाई तत्काल सहयोग वा परामर्शको आवश्यकता पर्दछ।

मालिका गाउँपालिकाका अभिभावकहरुलाई शारीरिक स्वास्थ्यका साथसाथै मनोवैज्ञानिक परामर्श र आत्म विश्वास बढाउने खालका अभिमुखीकरण कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ।

# परिच्छेद-७

# मालिका गाउँपालिकाका बालबालिकाहरुको प्रश्नावलीको विश्लेषण

## ७.१ परिचय

म्याग्दी जिल्ला मालिका गाउँपालिकामा "बाबु-आमाको सम्बन्ध विच्छेदले बालबालिकाको शिक्षामा पारेको प्रभाव" शीर्षक अन्तर्गत रहेर अध्ययन गरिएको छ। यसै क्रममा म्याग्दी जिल्ला मालिका गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयका कक्षा ६ -१० सम्म अध्ययन गर्ने बालबालिकाहरुको अध्ययन गर्ने क्रममा मालिका गाउँपालिका अन्तर्गतका ११ वटा माध्यामिक विद्यालयहरु मध्ये २ वटा विद्यालयहरुको विवरण प्राप्त नभएको ९ वटा विद्यालयहरुका बालबालिकाहरुको विवरण प्राप्त भएको छ। जुन निम्नानुसार छ।

## ७.२ माध्यमिक विद्यालयहरुबाट प्राप्त भएका तथ्यांकहरुको विश्लेषण

**तालिका -१**

| क्र. सं | विद्यालयको नाम | विद्यालयबाट प्राप्त बालबालिका संख्या | वास्तविक बालबालिका संख्या | अध्ययन क्षेत्रमा नपर्ने बालबालिका संख्या | अध्ययन क्षेत्रभित्र पर्ने बालबालिका संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | निस्कोट माध्यमिक विद्यालय | ३ | ३ | ३ | - | |
| २. | राष्ट्रिय माध्यमिक विद्यालय | ८ | ८ | ४ | ४ | |
| ३. | अम्मरज्योति माध्यमिक विद्यालय | १० | १० | ७ | ३ | |
| ४. | ओखरबोट माध्यमिक विद्यालय | ५ | ५ | ३ | २ | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | सिद्धार्थ माध्यमिक विद्यालय | - | - | - | - | |
| ६. | भिम माध्यमिक विद्यालय | - | - | - | - | |
| ७. | गौ बम बस्त माध्यमिक विद्यालय | १ | १ | १ | - | |
| ८. | जनप्रिय माध्यमिक विद्यालय | १० | १० | ३ | ७ | |
| ९. | के.वि.एकेडेमी एण्ड बोर्डिङ स्कुल | ४ | ४ | ३ | १ | |
| १०. | दरवाङ इङ्लिस बोर्डिङ स्कुल | १ | १ | १ | - | |
| ११. | किसानी माध्यमिक विद्यालय | ९ | ९ | ८ | १ | |

**स्रोतः मालिका गाउँपालिकाका माध्यमिक विद्यालयहरु**

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा निस्कोट माध्यमिक विद्यालयमा ३ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। विद्यालयले उपलब्ध गराएको विवरण अनुसार बालबालिकाहरु कक्षा-३,कक्षा -४ र कक्षा -५ मा पढने बालबालिकाहरु भएको हुँनाले यस अध्ययन क्षेत्रभित्र परेनन्। तसर्थ निस्कोट माध्यमिक विद्यालयको अध्ययन गरिएको छैन।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा राष्ट्रिय माध्यमिक विद्यालयमा ८ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। १ जना फेला नपरेका, १ जना कक्षा -३ मा अध्ययन गर्ने भएको र २ जनाको बाबु-आमाको कानून बमोजिम सम्बन्ध विच्छेद नभएका हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी ४ जना बालबालिकाहरु यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा अम्मरज्योति माध्यमिक विद्यालयमा १० जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। २ जना बालबालिकाहरु कक्षा -३ र कक्षा -४ मा

अध्ययन गर्ने बालबालिका भएको र ५ जना बालबालिकाहरुको बाबु-आमाको कानून बमोजिम सम्बन्ध विच्छेद नभएका हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी ३ जना बालबालिकाहरु यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा ओखरबोट माध्यमिक विद्यालयमा ५ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। ३ जना बालबालिकाहरु कक्षा -३, कक्षा -४ र कक्षा-५ मा अध्ययन गर्ने बालबालिकाहरु भएको हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी २ जना बालबालिकाहरु यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा मालिका गाउँपालिका वडा नं ५ रुममा रहेको श्री गौ बम बस्त माध्यमिक विद्यालयमा १ जना विद्यार्थीको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। १ जना विद्यार्थी कक्षा -४ मा अध्ययन गर्ने विद्यार्थी भएको हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा जनप्रिय माध्यमिक विद्यालयमा ११ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। ३ जना बालबालिकाहरु कक्षा -३, कक्षा -४ र कक्षा -५ मा अध्ययन गर्ने बालबालिकाहरु भएको हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी ८ जना बालबालिकाहरु यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा के.वि.एकेडेमी एण्ड बोर्डिङ स्कुलमा ४ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। ३ जना बालबालिकाहरु कक्षा -२, कक्षा -३ र कक्षा -५ मा अध्ययन गर्ने बालबालिकाहरु भएको हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी १ जना यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा दरवाङ इङ्लिस बोडिङ स्कुलमा १ जना बालकको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। १ जना बालक कक्षा -४, मा अध्ययन गर्ने बालक भएको हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्।

प्रस्तुत तालिकालाई अध्ययन र विश्लेषण गर्दा किसानी माध्यमिक विद्यालयमा ९ जना बालबालिकाहरुको विवरण विद्यालयद्धारा प्राप्त भएको थियो। २ जना बालबालिकाहरु कक्षा-बाल र कक्षा -२

मा अध्ययन गर्ने बालबालिकाहरु भएको  र ६ जना बालबालिकाहरुको बाबु-आमाको कानुन बमोजिम सम्बन्ध विच्छेद नभएका हुँदा यस अध्ययनको क्षेत्रभित्र परेनन्। यसरी १ जना  यस अध्ययन क्षेत्रभित्र पर्ने देखिएको छ।

प्रस्तुत तालिका नं १ बाट  विद्यालयले बालबालिकाहरुको विवरण उपलब्ध गराएकाले सोही विवरणको आधारमा म्याग्दी जिल्ला मालिका गाउँपालिकामा रहेका कक्षा ६-१० सम्मका  बालबालिकाहरुको निम्नानुसार अध्ययन गरियो।

## ७.३  बालबालिकाहरुको तथ्यांक विवरण

**तालिका-२**

| क्र.सं | विद्यालयको नाम | अध्ययन क्षेत्रभित्र पर्ने बालबालिका संख्या | कैफियत |
|---|---|---|---|
| १. | राष्ट्रिय माध्यमिक विद्यालय | ४ | |
| २. | अम्मरज्योति माध्यमिक विद्यालय | ३ | |
| ३. | ओखरबोट माध्यमिक विद्यालय | २ | |
| ४. | जनप्रिय माध्यमिक विद्यालय | ७ | |
| ५. | के.वि.एकेडेमी बोर्डिङ स्कुल | १ | |
| ६. | किसानी माध्यमिक विद्यालय | १ | |

**स्रोतः मालिका गाउँपालिकाका माध्यमिक विद्यालयहरु**

प्रस्तुत तालिकाबाट राष्ट्रिय माध्यमिक विद्यालयका ४ जना, अम्मरज्योति माध्यमिक विद्यालयका ४ जना, ओखरबोट माध्यमिक विद्यालयका २ जना, राष्ट्रिय माध्यमिक विद्यालयका ८ जना,  के.वि.एकेडेमी एण्ड बोर्डिङ स्कुलका १ जना र किसानी माध्यमिक विद्यालय १ जना गरी जम्मा २०जना बालबालिकाहरुको विवरण प्राप्त भयो।

## ७.४ बालबालिकाहरुको प्रश्नावलीको विश्लेषण

### तालिका-३

| क्र.सं | बालबालिकाको संरक्षक | विद्यालय जान तयारी,खाना र खाजामा सहयोग | अलग भएका अभिभावक भेट्न आउने/नआउने | फुर्सदको समय सदुपयोग | भविष्यको लक्ष्य | गृहकार्यमा सहयोग | स्थानीय तहको आर्थिक सहयोग र सीप मूलक तालिम कार्यक्रम |
|---|---|---|---|---|---|---|---|
| १. | बाबु | आमा | आउदैन | घरायसी काम | थाहा छैन | साथीभाई | थाहा छैन |
| २. | ” | हजुरआमा | ” | ” | डाक्टर | दाई/दिदी | चाहिन्छ |
| ३. | आमा | ” | ” | घरायसी सबै काम | शिक्षक | दाई/दिदी | ” |
| ४. | बाबु | ” | ” | सामान्य घरायसी काम | शिक्षक | दाई/दिदी | ” |
| ५. | ” | ” | ” | घरायसी सबै काम | शिक्षक | ठूलीआमा | ” |
| ६. | ” | बाबु/आफै | धेरै जसो आउने | रुचि अनुसार सबै काम | विद्धान | आफै | ” |
| ७. | ” | ” | कहिले काँही आउने | आफ्ना दैनिक काम आफै | विदेश जाने | ” | ” |
| ८. | आमा | हजुरआमा | ” | ” | डाक्टर | मामा | ” |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | ” | ” | ” | ” | ” | ” | ” |
| १०. | ” | ” | आउदैन | ” | शिक्षक | आफै | ” |
| ११. | ” | आमा | ” | घरायसी सबै काम | विदेश जाने | दिदी/आफै | ” |
| १२. | ” | ” | धेरै जसो आउने | सामान्य घरायसी काम | खेलाडी | ” | ” |
| १३. | ” | हजुरआमा | आउदैन | घरायसी सबै काम | डाक्टर | आफै | ” |
| १४. | ” | आमा | ” | ” | प्रहरी | काकी/ आफै | ” |
| १५. | बाबु | फुपु/आफै | ” | ” | डाक्टर | दिदी | ” |
| १६. | ” | हजुरआमा | ” | ” | पाइलट | काका | ” |
| १७. | होस्टेल वार्डेन | होस्टेल मिस/आफै | ” | ” | डाक्टर | ट्यूसन शिक्षक | ” |
| १८. | आमा | आमा/आफै | ” | ” | थाहा छैन | आफै | ” |

**स्रोत- बालबालिकाहरुलाई भराइएको प्रश्नावली**

प्रस्तुत तालिकाबाट १८ जना बालबालिकाहरुको अभिभावकहरुलाई अध्ययन गरिएकोमा ७ जना बाबु, ९ जना आमा र १ जना अन्य संरक्षक रहेकाले बाबु – आमाको असमान सहभागिता देखाइएको छ। सम्बन्ध विच्छेद हुँदा प्राय ६ वर्ष उमेर पुगेका बालबालकालाई बाबुको जिम्मा लगाउने भएता पनि व्यवहारमा आमा र छोराछोरीहरुको निकटतम सम्बन्धले गर्दा एकअर्कालाई बढी रुचाउने गरेकाले आमासँग छोराछोरीहरु बस्न चाहन्छन् भन्ने कुरा देखाएको छ। यहाँ क्र.सं १७ मा संरक्षक होस्टेल वार्डेन देखाइएको छ। बाबुको जिम्मा रहेका

बालबालिकाहरुलाई बाबुको घरमा हेरचाह गर्ने मान्छे नभएको र बालबालिकाको उज्ववल भविष्यको लागि पनि होस्टेलमा राख्ने चलन भए अनुसार होस्टेल वार्डेन संरक्षक बन्न पुगेको देखिन्छ ।

विद्यालयमा जान बालबालिकाहरुको कपडा धुने, नुहाउने,कोरी बाटी गर्ने,विद्यालयमा जाँदा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्न,समयमा खाना तयार पार्ने र दिनमा खाजाको व्यवस्था गर्नुपर्ने हुन्छ । त्यस्ता कार्यहरुमा घरपट्टीको हजुरआमा वा माइतिपट्टीको हजुरआमाको भूमिका बढी रहेको पाइयो । तालिकाले ९ जना हजुरआमा,४ जना आमा २ जना बाबु र आफै,१ जना आमा र आफै,१ जना होस्टेल मिस र आफै र १ जना फूपु र आफै आफ्नो व्यवस्था गरी बालबालिकाहरु विद्यालय जाने गरेको देखियो ।

सम्बन्ध विच्छेद पछि परिवारबाट अलग भएर जाने अभिभावकहरु बाबु-आमा धैरै जसो बालबालिकाहरुलाई भेट्न नआएको देखियो । बाबु-आमाको सम्बन्ध विच्छेद भएता पनि बालबालिकाहरुलाई हेर्ने जिम्मेवारी दुवैको दायित्व हुने हुँदा व्यवहारमा त्यस्तो देखिएन । प्रस्तुत तालिकाबाट १३ जना अभिभावक भेट्नै नआउने, ३ जना अभिभावक कहिलेकाहीँ भेट्न आउने र २ जना अभिभावक धैरै जसो भेट्न आउने गरेको देखियो ।

बालबालिकाहरुले १० बजे देखि ४ बजे सम्मको समय विद्यालयमा बिताउने भएता पनि बिहान बेलुकी बिदाको समयमा के कसरी बिताउदा रहेछन् भन्ने कुराको अध्ययन गर्न खोजिएकाले प्रस्तुत तालिकाबाट गृह कार्यको समय बाहेक फुर्सदको समयमा तालिकाले २ जनाले घरायसी काम,२ जनाले घरायसी सामान्य काम, ६ जनाले आफ्नो दैनिक काम आफै,१जनाले रुचि अनुसार सबै काम र ७ जनाले घरायसी सबै काम गर्ने गरेको देखियो।

बालबालिकाकाहरुले भविष्यमा के काम गर्न इच्छुक छन भन्ने कुराको अध्ययन गर्दा प्रस्तुत तालिकाले २ जना विदेश जाने,४ जना शिक्षक, ६ जना डाक्टर, १ जना विद्धान ,१ जना पाइलट, १ जना प्रहरी, २ जनाको लक्ष्य थाहा नभएको र १ जना खेलाडी बन्न चाहेको देखिन्छ ।

बालबालिकालाई अध्ययनको क्रममा गृहकार्य गर्न को कसले सहयोग गर्छन भन्ने सन्दर्भमा तालिकाले १ जनालाई साथीभाई,६ जना दाई/दिदी,१ जना ठूलीआमा,१ जना काका,१ जना काकी,५ जना आफै,२ जना मामा र १ जना ट्यूसन शिक्षकले सहयोग गर्ने गरेको देखियो ।

स्थानीय तहबाट समस्यामा रहेका बालबालिकाहरुलाई अध्ययनको शिलशिलामा स्टेशनरी सामग्रीहरुको अभाव हुने भएकाले उक्त समस्या समाधान गर्नको लागि विशेष खालको आर्थिक सहयोगको

कार्यक्रम ल्याउन आवश्यक देखियो। बालबालिकाहरुलाई शारीरिक सरसफाई,लत्ताकपडाहरु सिलाउने र सामान्य खाना खाजा तयार पार्ने तालिम कार्यक्रम ल्याइ स्वावलम्वी बनाउनु पर्ने आवश्यक देखियो। तालिकाले १ जनालाई थाहा नभएको र अन्य सबैलाई आवश्यक रहेको देखियो।

**७.५ निष्कर्ष तथा सुझाव**

माथिको तालिकालाई समग्रमा विश्लेषण गर्दा मालिका गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालयका १८ जना बालबालिकाहरुको बाबु-आमाको सम्बन्ध विच्छेदबाट रुपमा प्रभावित भएको देखियो । धैरै जसो अभिभावकहरु बृद्ध अवस्थामा कृषि पेशामा आश्रीत भएको हुँदा बालबालिकाहरुलाई स्टेशनरी सामग्रीहरुको अभाव देखियो। अलग भएको अभिभावक भेट्न समेत नआउदा उदासिन र एक्लोपन महशुस गरेको पाइयो। सोही एक्लोपनका कारण बाँच्नको लागि केही त गर्नु प-यो भन्ने भावना जागी जानी नजानी आफ्नो काम गर्न शुरु गरेका बालबालिकाहरुलाई आफ्नो काम आफै गर्नुपर्छ भन्ने भावना जागृत भई स्वावलम्वी बन्न सिकेको पाइयो । स्वावलम्वी भावनाले आफू जुनसुकै काम गर्न सक्ने आत्म विश्वास पैदा गरेको पाइयो। अभाव र दवावमा जीवन गुजारा गरेका बालबालिकामा समाजका प्रतिष्ठित व्यक्ति बनेर देखाउने हिम्मत पैदा भएको पाइयो।

यस्ता जोस, जाँगर र आत्म विश्वासले भरिएका बालबालिकालाई भविष्यमा देश र समाजलाई आवश्यक पर्ने जनशक्ति उत्पादन गर्न स्थानीय तहको पहलमा राज्यबाट लगानी गरी उनिहरुको रुचि अनुसार अध्ययन गर्न सहज वातावारण तय गरिदिएमा सफल र सक्षम नागरिक हुन सक्ने देखिन्छ।

## ७.६ प्रभावित बालबालिकाहरुले भरेको प्रश्नावलीको विश्लेषण

**तालिका- ४**

| क्र.सं | विद्यालयमा नियमित | स्टेशनरी सामग्री | पढाई खर्च | प्रधानध्यापक र शिक्षकको व्यवहार | अतिरिक्त क्रिया कलाप | पढाइमा एकाग्रता | सिकाई उपलब्धी र नतिजा | अध्ययनलाई निरन्तरता |
|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १. | धेरै जसो | पर्याप्त | आमा | सामान्य | लाग्दैन | हुन्छ | राम्रो | पूर्ण विश्वास |
| २. | " | " | थाहा छैन | सहयोगी | " | " | " | " |
| ३. | " | " | आमा | मायालु | धेरै लाग्छ | सामान्य | " | " |
| ४. | " | " | आफन्त | सहयोगी | लाग्दैन | हुन्छ | उस्तै | " |
| ५. | " | " | हजुरआमा | मायालु | धेरै लाग्छ | " | राम्रो | " |
| ६. | " | " | बाबु/आमा | " | लाग्दैन | " | " | " |
| ७. | " | " | बाबु | " | कम लाग्छ | हुँदैन | उस्तै | " |
| ८. | " | " | मामा<br>माइजु | " | " | हुन्छ | राम्रो | " |
| ९. | " | " | " | " | " | " | " | " |
| १०. | " | छैनन् | हजुरआमा | " | धेरै लाग्छ | " | " | " |
| ११. | " | पर्याप्त | आमा | " | कम लाग्छ | हुन्न | उस्तै | " |
| १२. | " | " | " | " | धेरै लाग्छ | कहिलेकाँही | अलि<br>खस्केको | " |
| १३. | छैन | आंशिक | " | " | " | हुन्छ | नराम्रो | " |
| १४. | धेरै जसो | पर्याप्त | " | " | लाग्दैन | " | अलि<br>खस्केको | " |
| १५. | " | छैनन् | बाबु | " | धेरै लाग्छ | हुन्न | नराम्रो | " |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १६. | ” | पर्याप्त | बाबु | ” | लाग्दैन | ” | अलि खस्केको | ” |
| १७. | ” | न्युन | सर /मिस | ” | धेरै लाग्छ | कहिलेकाँही हुन्न | राम्रो | ” |
| १८. | ” | पर्याप्त | विद्यालय/ आफन्त | ” | लाग्दैन | हुन्छ | उस्तै | ” |

**स्रोत-बालबालिकाहरुलाई भराइएको प्रश्नावली**

विद्यालयमा नियमित उपस्थिति हुनु भनेको बालबालिकाहरुको अध्ययनमा कोही कसैले रोकतोक नगरेको र बालबालिकालाई अनुशासनमा रही अध्ययन गर्ने रुचि भएको पहिचान हुनु हो। प्रस्तुत तालिकालाई विश्लेषण गर्दा १८ जना बालबालिकाहरु मध्ये १७ जना बालबालिकाहरु नियमित रुपमा विद्यालय जाने गरेको देखियो भने क्र.सं १३ नियमित नभएको देखियो।

स्टेशनरी सामग्री भन्नाले बालबालिकाहरुले विद्यालयमा प्रयोग गर्ने कापी,किताब,कलम, झोला,ज्यामिति बाकस,क्यालकुलेटर,पेन्सिल ,कटर,इरेजर आदि पर्दछन् । प्रस्तुत तालिकामा १४ जना बालबालिकासँग पर्यप्त स्टेशनरी सामग्री भएको,क्र.सं १३ को १ जनासँग आंशिक भएको,क्र.सं १७ को १ जनासँग न्युन भएको र क्र.सं १० र १५ का बालबालिकाहरुको नभएको देखिन्छ।

पढाई खर्चको सन्दर्भमा बालबालिका जोसँग बसेको छ सोही व्यक्तिले गरेको देखिन्छ । प्रस्तुत तालिकाबाट विवरण विश्लेषण गर्दा ६ जनालाई आमाले,२ जनालाई हजुरआमाले,३ जनालाई बाबुले,१ जनालाई आफन्तले,२ जनालाई मामा मामा माइजुले, १ जनालाई बाबु-आमाले,१ जनालाई सर –मिसले , १ जनालाई विद्यालय-आफन्तले र १ जनालाई थाहा नभएको देखिन्छ।

प्रस्तुत तालिकाबाट प्रधानाध्यापक र शिक्षकहरुले प्रभावित बालबालिकाहरुलाई गर्ने व्यवहारको सन्दर्भमा विश्लेषण गर्दा १५ जनालाई मायालु व्यवहार गर्ने गरेको,२ जनालाई सहयोगी व्यवहार गर्ने गरेको र १ जनालाई सामान्य व्यवहार गर्ने गरेको देखियो।

प्रस्तुत तालिकाबाट अतिरिक्त क्रियाकलापमा भाग लिने विवरणको विश्लेषण गर्दा ७ जना बालबालिकालाई धेरै मन लाग्ने,४ जनालाई कम मन लाग्ने,७ जनालाई मनै नलाग्ने देखियो।

प्रस्तुत तालिकाबाट घरमा बाबु-आमासँगै नहुँदा पढाइमा एकाग्रता हुन्छ की हुँदैन भनी विवरण संकलन गरी विश्लेषण गर्दा ११ जना बालबालिकाको एकाग्रता हुने, २ जनाको कहिलेकाँही हुने र ५ जनाको नहुने देखियो।

बालबालिकाहरुको एकाग्रता हुने र नहुँने संख्यामा धेरै फरक नपरेता पनि सिकाई उपलब्धी र नतिजाको विवरणलाई विश्लेषण गर्दा १० जना बालबालिकाको राम्रो,४ जनाको उस्तै,३ जनाको अलि खस्केको र १ जनाको नराम्रो भएको देखियो।

अध्ययनलाई माथिल्लो तहसम्म निरन्तरता दिन सकिने नसकिने भनी संकलन गरिएको विवरणलाई विश्लेषण गर्दा सबै बालबालिकाहरुले निरन्तरता दिन सकिने पूर्ण विश्वास रहेको देखियो।

### ७.७ निष्कर्ष तथा सुझाव

माथिको तालिकालाई समग्रमा विश्लेषण गर्दा मालिका गाउँपालिकाका ६ वटा माध्यमिक विद्यालयका १८ जना बालबालिकाहरुको बाबु-आमाको सम्बन्ध विच्छेदबाट रुपमा प्रभावित भएको देखियो । मालिका गाउँपालिकाका ग्रामिण क्षेत्रमा बसोबास गर्ने अभिभावकहरुले बालबालिकालाई घरमा काम नगराई विद्यालयमा पठाउने गरेको पाइयो। अधिकांश बालबालिकाहरुको स्टेशनरी सामग्रीहरु पर्याप्त रहेको पाइयो। पढाई खर्च जुन बालबालिका जसको संरक्षणमा छन उसैले व्यहोर्ने गरेको पाइयो। प्रभावित बालबालिकाहरुलाई गर्न व्यवहार राम्रो भएको पाइयो। पढाइमा ध्यान दिई अतिरिक्त क्रियाकलापमा भाग लिन मन पराउने हुँदा सिकाई उपलब्धी र नतिजा राम्रो देखिन्छ । अध्ययनलाई निरन्तरता दिन पूर्ण विश्वास लागेको पाइयो । विद्यालयमा नियमित नहुने बालबालिकालाई अभिभावक र विद्यालयले थप पहल गरी नियमित गराउनु पर्ने देखियो।

स्टेशनरी अपर्यप्त भएका बालबालिकाहरुलाई विद्यालयले के कसरी उपलब्ध गराउन सकिन्छ त्यसको लागि कहाँ पहल गर्नुपर्ने हो ? विद्यालयले पहल गर्नुपर्ने देखियो। अतिरिक्त क्रियाकलापमा भाग लिन मन नलाग्ने बालबालिकाहरुलाई प्रधानाध्यापक र शिक्षकहरुले उनिहरुको मनोभावना अनुरुप अतिरिक्त क्रियाकलापमा भाग लिन पहल गर्नुपर्ने देखियो। पढाइमा एकाग्रता नहुने बालबालिकालाई मनोसामाजिक परामर्श गरी कक्षाकोठाको वातावारणलाई बालबालिका अनुकुल बनाउनु पर्ने देखियो। सिकाई उपलब्धी र नतिजा अलि खस्किएका र नराम्रो

भएका बालबालिकाहरुलाई विद्यालय र स्थानीय तह बीच समन्वय गरी मनोसामाजिक परामर्श र अतिरिक्त कक्षाहरु संचालन गर्नुपपर्ने देखियो ।

## ७.८ बालबालिकाहरुको अवलोकनकर्ताले अन्तर्वार्ताको क्रममा पाएको विवरण र विश्लेषण

**तालिका-५**

| क्र.सं | पोशाक | शारीरिक सफाई | बोलीचाली | स्वास्थ्य | संवेगात्मक अवस्था | आँखाको सम्पर्क | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | मैलो | ठीकै | स्पष्ट | ठीकै | माया | छैन | |
| २. | ” | ” | कम बोल्ने | ” | ” | ” | |
| ३. | सफा | सफा | स्पष्ट | ” | दया | छ | |
| ४. | ” | ” | कम बोल्ने | ” | ” | छैन | |
| ५. | ” | ” | स्पष्ट | फुर्तिलो | आँसु | ” | |
| ६. | मैलो | फोहोरी | ” | ठीकै | लाजशरम | ” | |
| ७. | ” | ” | ” | दुब्लो | ” | ” | |
| ८. | सफा | सफा | ” | फुर्तिलो | आँसु | छ | |
| ९. | ” | ” | ” | ” | दया | ” | |
| १०. | राम्रो | ” | ” | ” | माया | ” | |
| ११. | नयाँ सफा | सफा | ” | ठीकै | रिस | ” | |
| १२. | ” | ” | ” | ” | ” | ” | |
| १३. | सफा | ” | ” | फुर्तिलो | असहज | छैन | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | ” | ” | ” | ” | सामान्य | छ | |
| १५. | ” | ” | ” | ” | ” | ” | |
| १६. | नयाँ सफा | ” | ” | ” | रिस | ” | |
| १७. | ” | ” | ” | ” | लाज | ” | |
| १८. | सफा | ” | ” | ” | सामान्य | ” | |

**स्रोत-अवलोकनकर्ताले अन्तर्वार्ताको क्रममा पाएको विवरण**

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको पोशाकको विवरण लिई विश्लेषण गर्दा ४ जनाको मैलो पोशाक,१३ जनाको पोशाक सफा र १ जनाको पोशाक राम्रो देखियो।

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको शारीरिक सफाईको विवरण लिई विश्लेषण गर्दा २ जनाको शारीरिक सफाई ठिकै,१४ जनाको शारीरिक सफाई सफा र२ जनाको शारीरिक सफाई नभई फोहोर भएको देखियो।

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको बोलीचालीको विवरण लिई विश्लेषण गर्दा १६ जनाको स्पष्ट,२ जनाले कम बोल्ने देखियो।

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको स्वास्थ्यको विवरण लिई विश्लेषण गर्दा ७ जनाको स्वास्थ्य स्थिति ठिकै,१० जनाको फुर्तिलो र १ जनाको स्वास्थ्य स्थिति दुब्लो रहेको देखियो।

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको संवेगात्मक अवस्थाको विवरण लिई विश्लेषण गर्दा ३ जना माया,३ जना दया,२ जनाको आँसु,२ जनाको लाजशरम,३ जनाको रिस,३ जना सामान्य,१ जना असहज महशुस गर्ने र १ जना लाज महशुस गरेको देखियो।

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको आँखाको सम्पर्कको विवरण लिई विश्लेषण गर्दा ११ जनाको आँखाको सम्पर्क भएको,७ जनाले आँखाको सम्पर्क गरी कुरा गर्न नसकेको देखियो।

## ७.९ निष्कर्ष तथा सुझाव

प्रस्तुत तालिकाबाट बालबालिकाहरुको पोशाक,शारीरिक सफाई,बोलीचाली,स्वास्थ्य,संवेगात्मक अवस्था र आँखाको सम्पर्क गरी कुरा गर्ने बालबालिकाको संख्या बढी भएको हुँदा जो जसमा कमी कमजोरी रहे तिनिहरुको लागि तल सुझाब दिएको छ।

मैलो पोशाक लगाएर विद्यालय आउने बालबालिकालाई विद्यालय लगायत सरोकारवाला पक्षले सफा पोशाक लगाउन अभिप्रेरित गर्नुपर्ने देखियो। शारीरिक रुपमा फोहोरी भई आउने बालबालिकाहरुलाई स्वास्थ्य सम्बन्धी महत्वको परामर्श दिई सफा हुन अभिप्रेरित गर्नुपर्ने देखियो। कम बोल्ने बालबालिकाहरुलाई शिक्षक र अभिभावक वा संरक्षकले बोल्नको लागि अभिप्रेरित गर्नुपर्ने देखियो। स्वस्थ्यका दृष्टिले दुब्ला बालबालिकाहरुलाई पोषणयुक्त खानेकुराहरु खान अभिप्रेरित गराउनु पर्ने देखियो। संवेगात्मक अवस्थालाई हेर्दा लासशरम, रिस,असहज र आँसु आउने बालबालिकाहरुलाई मनोबल बढाउन ध्यान र योगा जस्ता कार्यक्रम संचालन गराउनु पर्ने देखियो। आँखाको सम्पर्क गरी कुरा गर्न नसक्ने बालबालिकाहरुलाई मनोसामाजिक परामर्श गराउनु पर्ने देखियो।

## १०. सन्दर्भ सामाग्री(REFERENCES):

केन्द्रीय तथ्याङ्क विभाग (२०७८) राष्ट्रिय जन गणाना,म्याग्दी जिल्लाको नतिजा, काठमाण्डौ नेपाल सरकार राष्ट्रिय योजना आयोग।

नेपाल सरकार (२०७५) बालबालिका सम्बन्धी ऐन २०७५. काठमाण्डौः कानुन किताब व्यवस्थापन समिति।

मालिका गाउँपालिका (२०८०).गाउँपालिकाको बस्तुगत विवरण (Village profile). म्याग्दीः मालिका गाउँपालिकाको कार्यालय।

नेपाल सरकार ।(२०७२)।नेपालको सैविधान(धारा ३९)कानून किताब व्यवस्थापन समिति।

नेपाल सरकार ।(२०७४) कानून किताब व्यवस्थापन समिति।

नेपाल सरकार ।(२०७४) मुलुकी देवानी संहिता २०७४. कानून किताब व्यवस्थापन समिति।

नेपाल सरकार (१९९०)। मुलुकी ऐन,१९१० कानून किताब व्यवस्थापन समिति।

नेपाल सरकार (२०२०)। मुलुकी ऐन, कानून किताब व्यवस्थापन समिति।

नेपाल सरकार (२०४८)। बालबालिका सम्बन्धी मुलुकी ऐन, २०४८। कानून किताब व्यवस्थापन समिति।

नेपाल प्रज्ञा,प्रतिष्ठन। (सं.).। (२०८०)। नेपाल प्रज्ञा प्रतिष्ठान।

मालिका गाउँपालिका। (२०८०)। गाउँपालिकाको बस्तुगत विवरण। मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी।

म्याग्दी जिल्ला अदालत ।(मिति उल्लेख नभएको)। सम्बन्ध विच्छेदका तथ्यांकहरु[अप्रकाशित सरकारी तथ्यांक]। म्याग्दी जिल्ला अदालत

मालिका गाउँपालिका। (मिति उल्लेख नभएको)। सम्बन्ध विच्छेदका भएका तथ्यांकहरु [अप्रकाशित कार्यालयीय अभिलेख]। मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी।

मालिका गाउँपालिका ।(मिति उल्लेख नभएको)। मालिका गाउँपालिकाका वडाहरुमा रहेका बालबालिकाहरुका तथ्यांकहरु [अप्रकाशित कार्यालयीय अभिलेख] मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी।

मालिका गाउँपालिका। (मिति उल्लेख नभएको)। मालिका गाउँपालिकाका माध्यमिक विद्यालयहरुमा [अप्रकाशित विद्यालयगत अभिलेख] तथ्यांकहरु। मालिका गाउँपालिकाको कार्यालय, म्याग्दी।

Amato,P.R.(2001). Children of divorce in the 1919s: An update of the Amato and Keith (1991). Meta-analysis.Journal of Family psychology,15(3).355-370.

Bronfenbrenner,U.(1979).The Ecology of Human Development: Experiments by Nature and Design. Havre University Press.

Garner,B.A.(Ed.).(2024). Black's law Dictionary 12th Edition, Thomson Reuters.

## व्यक्तिगत विवरण

नाम-हरि गिरी

जन्म मिति-२०३६/१२/२७

ठेगाना-जलजला ४,पर्वत,गण्डकी प्रदेश नेपाल

सम्पर्क नम्बर-९८४७७६३१८५

email-hareegiri36@gmail.com

जन्म स्थान- जलजला ४,पर्वत,गण्डकी प्रदेश नेपाल

लिङ्ग –महिला

राष्ट्रियता –नेपाली

शैक्षिक योग्यता-

| क्र.सं. | तह | विषय/सङ्काय | संस्था/वोर्ड | साल | श्रेणी |
|---|---|---|---|---|---|
| १. | एस.एल.सी |  | रा.प.वो. | २०५२ | द्वितीय |
| २. | आइ.ए. | मानविकी | त्रि.वि.वि. | २०५५ | द्वितीय |
| ३. | बी.एड. | शिक्षा | त्रि.वि.वि. | २०५८ | द्वितीय |
| ४. | एम.एड. | शिक्षा | त्रि.वि.वि. | २०६३ | द्वितीय |
| ५. | एम.ए. | मानविकी | त्रि.वि.वि. | २०६६ | द्वितीय |
| ६. | एल.एल.बी. | कानून | त्रि.वि.वि. | २०७० | द्वितीय |

अनुभव ,पेशा तथा संलग्नता

* शिक्षक- श्री बेनी बजार आधारभूत विद्यालय(प्रा.वि .द्वितीय)  २९ वर्ष

* सहा.प्रा- म्याग्दी बहुमुखी क्याम्पस -१७ वर्ष

क्याम्पस प्रमुख